# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

प्रस्तुत शोधपत्रको शीर्षक माध्यमिक तहका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन रहेको छ । मानवीय लोकजीवनमा व्यावहारिक अनुभवबाट खारिएर निस्केका सूत्रात्मक, ज्ञानात्मक र सारगर्भित कथन नै लाक्षणिक अर्थ दिने पदावलीहरू उखानटुक्का हुन् । लोकजीवनमा आएका सारपूर्ण कथन र लाक्षणिक अर्थ दिने पदावलीहरू उखानटुक्का हुन् । नेपाली भाषामा रहेका यस्ता उखान तथा लोकोक्तिहरूले भाषालाई सबल, सुदृढ, मिठासपूर्ण बनाउँछन् । विषय एवम् प्रसङ्गअनुसार यस्ता उखानहरूको सही प्रयोगले भाषालाई अझ अर्थपूर्ण बनाउँछन् (लुइटेल र गौतम, २०७५, पृ. ४९) । पुस्तौँ पुस्तादेखि समाजमा चल्दै आएका सारपूर्ण शिक्षामूलक वाक्यांश वा कथनलाई उखान भनिन्छ ।

उखान कुनै पनि जातिका भाषिक समुदायको सशक्त उद्गार हो, अभिव्यक्तिको प्राण हो । यसले कथनलाई स्वभाविक रूपमा तिख्खर पार्छ, ओजस्वी बनाउँछ  र जीवन दिन्छ । भाषा चमत्कृत पार्न भनाई प्रभावपूर्ण तुल्याउन र अभिव्यक्तिलाई सहज सम्प्रेषण दिन यसको ठूलो योगदान रहेको छ । नेपाली जीवनसँग, उखानको अत्यन्त गाढा सम्बन्ध रहेको छ । तिनलाई भाषामा थाहा भएसम्म सबभन्दा पहिले उखानमा ध्यान दिने व्यक्ति नेपाली साहित्यका बहुमुखी विकासमा सक्रिय रहने कवि मोतीराम भट्ट नै हुन् (पराजुली, २०३९, पृ. १५) । उखान विभिन्न भाषाहरूको प्राण हो । यसले भाषालाई समृद्ध पार्ने र त्यसको गरिमा बढाउने काम गर्दछ । उखान/उपाख्यान लोक जीवनमा प्रचलित अनुभवपूर्ण चुट्किला उक्ति, लोकोक्ति, आहान, कहावत हो (नेपाली बृहत् शब्दकोश, २०७२, पृ. १२५) । लोकजीवनमा प्रचलित यस्ता उखानमा लोकजीवनमा खारिएका अनुभवहरू नीति, उपदेश, ज्ञान र अनुभवका कुराहरू समेटिएका हुन्छन् । यसलाई विस्तार गर्ने उखान युगौँदेखि सङ्गालेका ज्ञानका भण्डार हुन् ।

टुक्का लोकसाहित्यको लोकोक्तिका रूपमा प्रचलित श्रव्य विधा अन्तर्गतको एक उपविधा हो । नेपालीमा टुक्काको पर्यावाची शब्दका रूपमा वाक्यपद्धति, वाग्धारा, वाग्रीति, वाक्यांश, पदावली पदसमुह मुहावरा जस्ता शब्दहरू, प्रचलित छन् । यस्ता टुक्काहरू संसारका प्राय : सबै भाषामा पर्याप्त रहेका भेट्टिन्छन् किनभने यसलाई विभिन्न भाषामा विभिन्न नामले चिनिन्छ । टुक्कालाई अङ्ग्रेजीमा “इडियम्स”, (Idioms) हिन्दीमा “मुहावरा” उर्दुमा “मुहाविरा” र “जर्बुल”, संस्कृतमा वाग्रीति, वाग्धारा, वाक्यपद्धति भनिन्छ । टुक्काले भाषालाई विलक्षण चमत्कारपूर्ण अर्थप्रदान गर्नुका साथै भाषालाई रोचक बनाउन महत्त्वपूर्ण भूमिका खेलेको हुन्छन् (पौड्याल, २०६१, पृ. १) । टुक्काको उत्पत्ति जब मानिसले सामान्य कुरालाई साधारण शब्दमा अभिव्यक्त नगरेर घुमाई फिराई भन्न थाल्यो भने यसको उत्पत्ति हुन पुगेको देखिन्छ । टुक्कालाई भाषाको प्राण र लोक सांस्कृतिक सम्पत्ति मानिन्छ । टुक्का भाषामा प्रयोग गरिने छोटा वाक्य खण्ड हुन् । जसको प्रयोगले दैनिक भाषिक व्यवहारमा आफ्नो बोलीलाई रोचक र प्रभावकारी बनाई अर्थमा नयाँ चमत्कार ल्याउँछ ।

प्रयोगात्मक नेपाली शब्दकोश अनुसार “वाच्यार्थभन्दा लाक्षणिक अर्थ मुख्य रहने प्रायः गरेर क्रिया साथमा आउने, विशेष किसिमका पदावलीहरू” टुक्का हुन् । टुक्कालाई तुक्का पनि भनिन्छ । मन पग्लनु, जिब्रो टोक्नु, नाक काट्नु आँखा गाड्नु, आँखाको नानी हुनु, आदि जस्ता वाच्यार्थ टुक्काहरू हुन (लुइटेल र गौतम, २०७५, पृ. ४९) । भाषालाई सजीव, मार्मिक, स्वादिलो र मनामोहक बनाउन तथा भनाइमा रोचकता थप्न टुक्काको प्रयोग गरिन्छ ।

कुनै कविता वा गीतको सानो अंश, पाउको अन्तिम भाग कविता वा गीतको दुई दुई चरणको अन्तिम शब्द वा शब्दको फाँकी मिलाउने काम, अन्त्यानुप्रास, व्यञ्जणापूर्ण टुक्रे वाक्य वा वाक्यांश मुहाबरा टुक्का हो (नेपाली बृहत् शब्दकोश, २०७२, पृ. ५१२) । यस्ता टुक्काले लाक्षणिक र व्यञ्जनात्मक अर्थ बहन गरेका हुन्छन् । जुन भाषिक व्यवहारमा निकै लोकप्रिय बनेर रहेका हुन्छन् । अभिव्यक्तिमा वाक्यमा प्रयोग भई आउँछन् र तिनले कथनलाई मार्मिक र गम्भीर बनाइदिन्छन् । त्यसैले टुक्काहरूलाई भाषाका प्राण र लोक साँस्कृतिक सम्पत्ति भनिन्छ ।

## १.२ समस्याथकन

अनुसन्धानका निम्ति छनोट गरिएको कुनै पनि अनुसन्धान विषयवस्तुलाई नै समस्याका रूपमा प्रस्तुत गरिन्छ । अनुसन्धान कार्यका सिलसिलामा समस्या भन्नाले अनुसन्धानको विषयवस्तु भन्ने बुझिन्छ । अनुसन्धान एक व्यापक र जटिल कार्य भएकाले समस्यामा केन्द्रित भएर अनुसन्धेय विषयवस्तुलाई अगाडि बढाउनु पर्दछ । त्यसैले प्रस्तुत शोधकार्यमा पनि के कस्ता समस्याहरू छन् र तिनीहरूलाई कसरी समाधान गर्न सकिन्छ भन्ने कुराको अध्ययन गरिने छ । माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका उखानटुक्काहरू विद्यार्थीको रुचि, क्षमता र स्तर अनुरुप छन् कि छैनन् ? पाठ्यपुस्तकमा प्रयोग भएका उखानटुक्काहरू विद्यार्थीले के कति मात्रामा प्रयोग गर्न सम्छन् ? उखानटुक्काहरू विषय र प्रसङ्ग अनुरूप पाठमा प्रयोग भएका छन् कि छैनन् ? तिनको संरचना कुन किसिमको छ ? जस्ता कुराको सरोफेरोमा अनुसन्धान निम्नलिखित समस्यामा केन्द्रित रहेको छ :

क) कक्षा दशको नोपली किताबमा के-कस्ता उखानटुक्का प्रयुक्त छन् ?

ख) कक्षा दशका विद्यार्थीको उखानटुक्का प्रयोग क्षमता के कस्तो छ ?

ग) विद्यालय प्रकृतिका आधारमा उक्त विद्यार्थीको उखानटुक्का प्रयोग क्षमता के कस्तो रहेको छ ?

घ) लैङ्गिकताका आधारमा उक्त विद्यार्थीको उखानटुक्का प्रयोग क्षमताको तुलनात्मक स्थिति कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

उपर्युक्त समस्या समाधानका लागि निम्न लिखित उद्देश्यहरू रहेका छन् :

क) कक्षा दशमा अध्ययनरत समग्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता पहिचान गर्नु,

घ) विद्यालय प्रकृतिका आधारमा उक्त तहमा अध्ययनरत विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको विश्लेषण गर्नु

ङ)  लैङ्गिकताका आधारमा उक्त तहमा अध्ययनरत विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तुलना गर्नु

## १.४ शोधकार्यको सान्दर्भिकता र उपादेयता

प्रस्तुत शोधकार्यले काठमाडौँ जिल्लामा रहेका माध्यमिक तहमा अध्ययनरत विद्यार्थीको उखानटुक्का प्रयोग क्षमता कस्तो छ थाहा पाई त्यहीअनुरूपको उखानटुक्का उपयोग गरी पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गर्न सहयोगी रहेको छ । शिक्षकलाई विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको जानकारी लिई आफूले कस्तो खालका उखानटुक्का प्रयोग गरी शिक्षण गर्ने ? उखानटुक्काको प्रयोग क्षमता वृद्धि गर्न केकस्ता क्रियाकलाप र विधि उपयोग गर्ने ? भन्ने बारेमा जानकारी लिन समेत उपयोगी/सहयोगी रहेको छ । त्यसैगरी शोधकार्यले भाषिक पाठ्यक्रम, पाठ्यपुस्तक निर्माणकर्ता, शोधकार्य तयार गर्न, पुस्तक, लेखक, विद्यार्थी, शिक्षक र अन्य जिज्ञासु व्यक्तिका लागि उपयोगी रहेको छ ।

## १.५ शोधकार्यको परिसीमा

प्रस्तुत शोधकार्यलाई निम्नलिखित सीमाङ्कनभित्र सीमित गरिएको छ :

क)  प्रस्तुत शोधकार्य कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त उखानटुक्काको प्रयोग क्षमताको अध्ययनमा मात्र सीमित रहेको छ ।

ख)  प्रस्तुत शोधकार्य काठमाडौँ जिल्लाभित्रका २ सरकारी र २ संस्थागत विद्यालयका जम्मा ४० जना विद्यार्थीहरूमध्ये २० जना छात्र र २० जना छात्रा पर्ने गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

ग)  कक्षा दशका पाठ्यपुस्तकमा प्रयोग भएका उखानटुक्काको वर्गीकरण कार्यमा सीमित रहेको छ ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोधको परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचय

अध्याय तिन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : उखानटुक्काको सङ्कलन तथा वर्गीकरण

अध्याय पाँच : समग्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता

अध्याय छ : विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता

अध्याय सात : लैङ्गिकताका आधारमा उक्त विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तुलना

अध्याय आठ : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भ सामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप

## २.१ पूर्वकार्यको पुनरावलोकन

प्रस्तुत शोधकार्यको शीर्षकसँग सम्बन्धित धेरै शोधपत्र र पुस्तक रहे तापनि प्रस्तुत अध्ययनमा अध्येताले निम्न शोधपत्र र पुस्तकहरू समीक्षा गर्ने प्रयास गरिएको छ ।

### २.१.१ पुस्तक पुनरावलोकन

पराजुली (२०३९), द्वारा तयार पारिएको *नेपाली उखान र गाउँखाने कथा* पुस्तकमा प्रकाशन गरिएको छ । उक्त पुस्तकमा उखानटुक्का शीर्षक दिएर उखान र टुक्काको भाषिक महत्त्वका बारेमा प्रकाश पारिएको छ । यस पुस्तकमा टुक्का शीर्षक दिएर टुक्कालाई वाक्यांशको रूपमा चिनाउने काम गर्नुको साथै टुक्काको भाषिक महत्त्व र विशेषताको बारेमा पनि उल्लेख गरेको टुक्कालाई क्रियामुक्त र क्रियायुक्त गरी दुई किसिमले वर्गीकरण गर्दै तिनको अर्थ र नमुना उदाहरण दिइएको छ । प्रस्तुत पुस्तकमा उखानटुक्काहरूको परिचय महत्त्वको बारेमा बुझ्न र टुक्काहरूको वर्गीकरण गर्न उपयोग गरिएको छ ।

पौड्याल (२०६१), द्वारा लिखित *नेपाली टुक्काहरूको सर्वेक्षण र विश्लेषण* नामक पुस्तक, प्रकाशन गरिएको छ । उक्त पुस्तकमा टुक्काको परिचय उखान र टुक्कामा समानता र भिन्नता बनोट तथा स्वरूपका आधारमा उखानटुक्काको वर्गीकरण, टुक्काहरूको भाषिक संरचना, अर्थगत वर्गीकरण, टुक्काहरूको अर्थ र प्रयोग आदिको बारेमा प्रकाश पारिएको छ । प्रस्तुत पुस्तकले बनोट र स्वरूपको आधारमा स्तर उखानटुक्काको वर्गीकरण गर्न टुक्काहरूका अर्थ बुझ्न र प्रयोग गर्न उपयोग गरिएको छ ।

पौड्याल (२०६९) द्वारा लिखित *नेपाली उखान सङ्ग्रह* नामक पुस्तक प्रकाशन गरिएको छ । उक्त पुस्तकमा उखानको परिचय र विभिन्न प्रकारका उखानहरू समावेश गरिएको छ । प्रस्तुत पुस्तकबाट उखानको पहिचान गर्न विभिन्न आधारमा उखानहरूको वर्गीकरण गर्न उपयोग गरिएको छ ।

*नेपाली बृहत् शब्दकोश* नवौँ संस्करण (२०७२), मा पनि उखानटुक्काको बारेमा प्रकाश पारिएको छ । उक्त शब्दकोशमा उखान र टुक्काको अर्थ बताइएको छ । उक्त पुस्तकको माध्यमबाट उखान र टुक्काहरू पहिचान गर्न उपयोग गरिएको छ ।

भट्टराई (२०७३) द्वारा *भाषिक अनुसन्धान विधि* शीर्षकमा पुस्तक प्रकाशित गरिएको छ । उक्त पुस्तकमा भाषिक अनुसन्धानको परिचय स्वरूप तथा प्रकृतिको बारेमा उल्लेख गरिएको छ । त्यसैगरी अनुसन्धानका विशेषता अनुसन्धानका प्रकारहरूका साथै भाषा र भाषाशिक्षासम्बन्धी अनुसन्धानको बारेमा व्याख्या गरिएको छ । भाषिक अनुसन्धानका क्रममा अपनाउने विभिन्न विधिहरू र नेपाली भाषिक अनुसन्धानको स्थितिका साथै अनुसन्धानको तथ्याङ्क सङ्कलनका विभिन्न तरिका र तथ्याङ्क विश्लेषणको बारेमासमेत व्याख्या गरिएको छ । प्रस्तुत पुस्तक तथ्याङ्क सङ्कलनका लागि विभिन्न विधिहरू अपनाउन उपयोग गरिएको छ ।

लुइटेल र गौतम (२०७५), द्वारा *शैक्षिक नेपाली व्याकरण माध्यमिक तह* नामक पुस्तक प्रकाशन गरिएको छ । उक्त पुस्तकमा उखान र टुक्काको परिचय उदाहरण सहित दिइएको छ र नेपाली उखानटुक्काहरू र तिनको सन्दर्भगत अर्थ र प्रयोगको बारेमा प्रकाश पारिएको छ । यसरी उक्त पुस्तकबाट उखानटुक्काको परिचय थाहा पाउन र तिनीहरूको विभिन्न आधारमा वर्गीकरण गर्नुका साथै अर्थ केलाउनका साथै वाक्यमा प्रयोग गर्न उपयोग गरिएको छ ।

### २.१.२ शोधकार्यको पुनरावलोकन

शर्मा (२०६२), द्वारा लिखित 'संखुवासभा जिल्लामा प्रचलित उखानको सङ्कलन वर्गीकरण र विश्लेषण' नामक शोधपत्रमा संखुवासभा जिल्लामा प्रचलित जनज्रिबोमा सीमित रही विभिन्न ठाउँमा छरिएर रहेका उखानहरूको सङ्कलन गर्नु संखुवासभा जिल्लामा प्रचलित उखानले त्यहाँको जनजीवनमा पारेको प्रभावबारे विवेचना गर्नु जस्ता उद्देश्यहरू राखिएका छन् । उक्त शोधपत्रमा संखुवासभा जिल्लामा प्रचलित उखानहरूको सङ्कलनको क्रममा क्षेत्रीय र पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । क्षेत्रीय अनुसन्धान विधिको क्रममा मौखिक अन्तर्वार्ता, प्रश्नोत्तर, सोधपुछ आदिबाट सामग्री सङ्कलन गरिएको छ ।

प्रस्तुत शोधपत्रले पाठ्यपुस्तकमा प्रयुक्त उखानहरूको सङ्कलन गर्नुका साथै उखानहरूको वर्गीकरण विश्लेषण गर्न र उखानटुक्काको प्रयोग क्षमताको जानकारी दिन सहयोग पुऱ्याएको छ ।

पन्थी (२०६५) द्वारा 'गुल्मी जिल्लाका टुक्काहरूको अध्ययन नामक' शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा गुल्मी जिल्लामा प्रचलित टुक्काहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गर्दै टुक्काले त्यहाँको जनजीवनमा पारेको प्रभाव र भाषिक क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गर्नु उद्देश्यका रूपमा राखिएको छ । उक्त शोधपत्रमा टुक्काहरूलाई रूपात्मक र विषयवस्तु गरी २ किसिमले वर्गीकरण गर्नुका साथै एकपदीय, अनेकपदीय, क्रियायुक्त र क्रियामुक्त गरी विभाजन गरिएको छ । उक्त अध्ययनमा संस्कारमा आधारित, पम्परामा आधारित, ऐतिहासिक घटनामा आधारित, पौराणिक घटनामा आधारित, आर्थिक स्थितिमा आधारित टुक्काहरूको सङ्कलन गरी वर्गीकरण गरिएको छ । प्रस्तुत अध्ययनले विभिन्न खालका गाउँघरमा प्रचलित उखानटुक्काहरूसमेत समावेश गरेर पाठ्यक्रम पाठ्यपुस्तक निर्माण गर्न उपयोग गरिएको छ ।

भण्डारी (२०६५), द्वारा 'निम्न माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएको उखानटुक्काको पहिचान र प्रयोग क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यमा निम्न माध्यमिक तह कक्षा ६, ७ र ८ को नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका उखानटुक्काहरूलाई सङ्कलन गर्नु, उक्त पाठ्यपुस्तकमा समावेश भएका उखानटुक्काको वर्गीकरण गर्नु, पाठ्यपुस्तकमा प्रयुक्त उखानटुक्का प्रयोगमा विद्यार्थीको क्षमता पहिचान गर्नु जस्ता उद्देश्यहरू रहेका छन् । यसमा सर्वेक्षण विधि पुस्तकालयीय अध्ययन विधि र वर्णनात्मक विधिको प्रयोग गरिएको छ । उक्त शोधमा प्युठान जिल्ला भित्रका तीनओटा सरकारी र तीनओटा निजी विद्यालयका १८० जना विद्यार्थीमा प्रयोग गरेको पाइन्छ । निष्कर्षमा समग्र विद्यार्थीको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति गणना गर्दा उनीहरूको उखानटुक्का प्रयोग क्षमता मध्यमस्तरको देखाइएको छ । उक्त शोधपत्रले उखानटुक्का प्रयोग पाठ्यपुस्तक मात्र नभई उखानटुक्काको प्रयोग भएका अन्य पाठ्यपुस्तकहरूको पनि प्रयोग गरी शिक्षण गर्नुपर्ने सुझाव दिन उपयोग गरिएको छ ।

नेपाल (२०६८), द्वारा 'पाल्पा जिल्लाका मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूको उखानटुक्को प्रयोग क्षमताको अध्ययन' शीर्षक शोधपत्र गरिएको छ । पाल्पा जिल्लाका कक्षा नौ र दशमा अध्ययनरत विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन गर्न यस शोधकार्यमा उपयोग गरिएको छ । उक्त शोधपत्रमा सङ्कलित उखानटुक्काहरूलाई पाल्पा जिल्ला भित्रका तिनओटा सरकारी र तीनओटा निजी विद्यालयका जम्मा १२० जना विद्यार्थीहरूमा प्रयोग गरी तथ्य सङ्कलन गर्ने तथा उक्त तथ्याङ्कलाई विश्लेषण गर्नका लागि प्रतिशत गणना, मध्यमान, मानक विचलन जस्ता तथ्याङ्क शास्त्रीय विश्लेषणलाई आधार मानिएको छ । नमुना सर्वेक्षण विधि, पुस्तकालयीय अध्ययन विधि र वर्णनात्मक विधिको प्रयोग गरी यो अनुसन्धान गरिएको छ । यसकारण उखानटुक्का प्रयोगको लागि नेपाली पाठ्यपुस्तक मात्र नभई उखानटुक्का प्रयोग भएका अन्य पुस्तकहरूको पनि प्रयोग गरी शिक्षण गर्नुपर्ने कुरामा जानकारी दिन यो शोधपत्र महत्त्वपूर्ण भूमिका निर्वाह गर्न उपयोग गरिएको छ ।

प्याकुरेल (२०६९) द्वारा 'काभ्रे जिल्लाका माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूका उखानटुक्का प्रयोग क्षमताको अध्ययन' नामक शीर्षकका शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा माध्यमिक तहको पाठ्यपुस्तकमा प्रयोग भएका उखानटुक्काहरूको सङ्कलन गर्नु, उखानटुक्काहरूलाई विभिन्न किसिमले वर्गीकरण गर्नु र विद्यार्थीहरूको प्रयोग क्षमताको आधारमा उखानटुक्काहरूको विश्लेषण गर्नु जस्ता उद्देश्यहरू रहेका छन् । उक्त अध्ययनमा काभ्रे जिल्लाभित्रका तीनओटा सरकारी र तीनओटा निजी विद्यालयका १०/१० जना गरी जम्मा ६० जना विद्यार्थीहरूलाई सर्वेक्षणका रूपमा छनोट गरिएको छ । त्यस्तै पाठ्यपुस्तकमा प्रयोग गरिएका उखानटुक्कालाई केन्द्रविन्दुमा लिई नमुना सर्वेक्षण विधि, पुस्तकालयीय अध्ययन विधि र वर्णनात्मक विधिलाई अगाडि बढाइएको छ । प्रस्तुत अध्ययनमा उखानटुक्काको प्रयोग क्षमताको अध्ययन गर्नका लागि प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन, सामग्री निर्माण र सङ्कलित तथ्याङ्कको व्याख्या विश्लेषण जस्ता कार्य गरिएको छ । उक्त अध्ययनमा सरकारी विद्यालयका तुलनामा निजी विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता बढी रहेको छ र सरकारी विद्यालयका विद्यार्थीहरू कमजोर रहेको देखाइएको छ । त्यसैले विद्यार्थीलाई बढी भन्दा बढी उखानटुक्का प्रयोग गर्न उपयोगी हुनेछ ।

ढुङ्गेल (२०७३) द्वारा 'निम्न माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त उखानटुक्काहरूको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । प्रस्तुत शोधमा निम्न माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा समावेश भएका उखानटुक्काहरूको सङ्कलन गर्नु, उक्त पाठ्यपुस्तकमा समावेश भएका टुक्काहरूको बनोट केलाउनु, पाठ्यपुस्तकमा प्रयुक्त उखानटुक्काहरूको बनोट केलाउनु पाठ्यपुस्तकमा प्रयुक्त उखानटुक्काहरूको सन्दर्भगत अर्थ केलाउनुजस्ता उद्देश्यहरू रहेका छन् । उक्त शोधपत्रमा उखानटुक्काको सैद्धान्तिक व्याख्या विश्लेषण गर्नमा पुस्तकालयीय विधिको उपयोग गरिएको छ । उक्त शोधपत्रमा नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका जम्मा ११६ ओटा उखानटुक्काहरू सङ्कलन गरी व्याख्या विश्लेषण गर्दै निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधपत्रले प्रसङ्गअनुसार प्रयोग गरिएका उखानटुक्काहरूले नेपाली भाषा शिषणलाई व्यावहारिक र प्रभावकारी बनाउने भएकोले पाठ्यपुस्तकमा प्रसङ्गअनुसार उखानटुक्काको प्रयोग गर्नुपर्ने सल्लाह दिन सहयोग गरेको छ ।

हमाल (२०७३), द्वारा 'कक्षा एघारको ऐच्छिक नेपाली पाठ्यपुस्तकमा प्रयुक्त उखानको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । कक्षा एघारको ऐच्छिक नेपाली पाठ्यपुस्तकमा प्रयुक्त उखान सङ्कलन गर्नु, उखानको स्वरूप निर्धारण र वर्गीकरण गर्ने उद्देश्य राखी अगाडि बढाइएको छ । उक्त शोधमा जनसङ्ख्याका रूपमा कक्षा एघारको ऐच्छिक नेपाली पाठ्यपुस्तक र नेपाली शब्दकोशलाई लिइएको छ । नमुना छनोटको लागि कक्षा ११ को पाठ्यपुस्तकमा भएका नौओटा कथा दुईओटा उपन्यास र नौओटा निबन्ध गरी बिसओटा पाठमा प्रयुक्त उखानलाई नमुनाको रूपमा छनोट गरिएको छ । प्रस्तुत शोधमा उखानहरू सङ्कलन गर्ने क्रममा पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ । उक्त शोधका कक्षा ११ ऐच्छिक नेपाली पाठ्यपुस्तबाट छनोट गरिएका उखानहरूलाई भाषिक संरचनाका दृष्टिले, विषयवस्तुका दृष्टिले, शैलीका दृष्टिले, सन्देशका दृष्टिले कुन कुन प्रकारका र प्रकृतिका हुन भनी छुट्याइएको छ  र विश्लेषण गर्दै निष्कर्ष निकालिएको छ । यसरी उक्त शोधपत्रले भाषिक संरचना विषयवस्तु, सन्दर्भ आदिका दृष्टिले उपयुक्त खालका उखानहरू मात्रै समावेश गरेर पाठ्यपुस्तक निर्माण गर्न सहयोग गरेको छ ।

यादव (२०७४) द्वारा 'गोर्खा जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमता' शीर्षकमा अध्ययन शोधपत्र तयार गरिएको छ । यस अध्ययनमा गोर्खा

जिल्लाका सामुदायिक ४० र संस्थागत विद्यालयका ४० गरी जम्मा ८० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिई विद्यालयको प्रकृति, लैङ्गिक, भाषिक पृष्ठभूमिको आधारमा छनोट गरी उनीहरूबाट प्राप्त तथ्याङ्क सङ्कलन गरी विश्लेषण गरिएको छ । विश्लेषणका लागि मध्यमान र प्रतिशतको उपयोग गरिएको छ । उक्त विश्लेषणलाई हेर्दा समग्र विद्यार्थीहरूको शब्दभण्डार क्षमता सन्तोषजनक नरहेको देखिन्छ । विद्यालयको प्रकृतिलाई हेर्दा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको शब्दभण्डार क्षमता बढी रहेपनि समग्रमा विद्यालय प्रकृतिका आधारमा संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीको शब्दभण्डार क्षमता कमजोर नै देखिन्छ । लिङ्गगत आधारमा हेर्दा छात्र र छात्राको शब्दभण्डार क्षमता समान देखिन्छ । शब्दभण्डार क्षमताको अध्ययन गरिएको उक्त पूर्वकार्यसँग प्रस्तुत शोधकार्य सम्बन्धित नभए पनि तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने क्रममा सहयोगी भएको छ ।

ओझा (२०७५) द्वारा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन गरिएको छ । उक्त शोधकार्यमा कक्षा आठमा अध्ययनरत ५० जना सामुदायिक र ५० जना संस्थागत विद्यालयका विद्यालयहरूको लैङ्गिक र विद्यालयको प्रकृतिको आधारमा छनोट गरी उनीहरूबाट तथ्याङ्क सङ्कलन गरी विश्लेषण गरिएको छ । विश्लेषणका लागि मध्यमान मानक विचलन र प्रतिशतको प्रयोग गरिएको छ । उक्त विश्लेषणलाई हेर्दा समग्र विद्यार्थीको अनुच्छेद लेखन क्षमता सन्तोषजनक रहेको छ । लैङ्गिक आधारमा छात्र र छात्राको अनुच्छेद लेखन क्षमता हेर्दा तुलनात्मक रूपमा समान रहेको छ । विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको लेखन क्षमता पनि सन्तोषजनक रहेको निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधपत्रको समीक्षालाई लिङ्गगत विद्यालयको प्रकृतिका आधारमा तुलनात्मक अध्ययन गर्न उपयोग गरिएको छ ।

निरौला (२०७५) द्वारा 'महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमता' शीर्षकमा केन्द्रित रहेको छ । यस अध्ययनमा सामुदायिक विद्यालय र संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यस अध्ययनको प्राप्त उपलब्धिलाई हेर्दा कक्षा ८ मा अध्ययनरत

समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमता मध्यम रहेको छ । यस अध्ययनमा संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्दा सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । मेरो अध्ययनको शीर्षक माध्यमिक तहका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता रहेको छ र यस शीर्षकमा अध्ययन गर्ने क्रममा उक्त माथि प्रस्तुत अध्ययनलाई तथ्याङ्क सङ्कलन गर्न, विधि प्रक्रिया लेखन, तथ्याङ्कको व्याख्या विश्लेषण गरी निष्कर्ष निकाल्न उपयोग गरिएको छ ।

यस शोधपत्र तयार गर्दा उपयोग गरिएका शोधपत्रहरू शर्मा (२०६२) द्वारा लिखित 'संखुवासभा जिल्लामा प्रचलित उखानको सङ्कलन, वर्गीकरण र विश्लेषण' रहेको छ । त्यस्तै पन्थी (२०६५) द्वारा 'गुल्मी जिल्लाका टुक्काहरूको अध्ययन' नामक शीर्षकमा शोधपत्र तयार पारिएको, भण्डारी (२०६५) द्वारा 'निम्नमाध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएको उखानटुक्को पहिचान', ढुङ्गेल (२०७३) द्वारा 'निम्न माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त उखानटुक्काहरूको अध्ययन' शीर्षक रहेको, हमाल (२०७३), द्वारा 'कक्षा एघारको ऐच्छिक नेपाली पाठ्यपुस्तकमा प्रयुक्त उखानको अध्ययन' रहेको छ । यसरी यी शोधपत्र तयार गर्दा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । यसरी हेर्दा यी शोधपत्रको रूपरेखा फरक भएपनि यस माध्यमिक तहका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता शीर्षकमा अध्ययन गर्ने क्रममा उखानटुक्काको बारेमा जानकारी लिन, उखानटुक्काकालाई विभिन्न आधारमा वर्गीकरण गर्ने जस्ता कार्यमा उपयोग भएका छन् ।

त्यस्तैगरी भण्डारी (२०६५) द्वारा 'निम्न माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका उखानटुक्काको पहिचान र प्रयोग क्षमता' रहेको छ । त्यस्तै गरी नेपाल ( २०६८) द्वारा 'पाल्पा जिल्लाका मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ । प्याकुरेल (२०६९) द्वारा 'काभ्रे जिल्लाका माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन' रहेको छ । यसरी हेर्दा माथि प्रस्तुत शोधपत्रहरू यस शोधपत्रसँग सम्बन्धित रहेपनि उक्त पूर्वकार्यको अध्ययनको क्षेत्र र कक्षा फरक फरक रहेका छन् । यति हुँदा पनि प्रस्तुत शोधकार्यको सैद्धान्तिक अध्ययन र तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने क्रममा उपयोग गरिएको छ ।

यसरी यस शोधपत्र अरूभन्दा नितान्त नौलो फरक रहेकोले यो अनुसन्धानको विषय एकदमै उपयुक्त रहेको छ र यस अध्ययन एकदमै उपयोगी रहेको छ ।

### २.१.३ पूर्वकार्यको पुनरावलोकन महत्त्व

पूर्वकार्यले आफ्नो शीर्षक चयन र विश्लेषण गर्न सहयोग गरेको छ । पूर्वकार्यको अध्ययनले उपयुक्त विषयवस्तुको छनोट गर्न सकिन्छ । पूर्वकार्यलाई परिमार्जन गर्दै नयाँ अध्ययन अनुसन्धान गर्न सम्बन्धित अध्ययनलाई थप आयाम दिने, उद्देश्यहरू निर्धारण गर्न सहयोग पुऱ्याउने, विधि तथा पद्धतिको पहिचान गर्न विभिन्न नियम धारणा तथा सिद्धान्तको निर्माण गर्न पूर्वकार्यले सहयोग गरेको छ । विश्लेषण गर्न र भविष्यका लागि सम्भावित शोधशीर्षकको पहिचान गर्न पूर्वकार्य अति नै महत्त्वपूर्ण मानिन्छ ।

## २.२ सैद्धान्तिक प्रारूप

### २.२.१ उखानको परिचय

मानवीय लोक जीवनमा व्यावहारिक अनुभवबाट खारिएर निस्केका सूत्रात्मक ज्ञानवर्द्धक र सारगर्भित कथन नै उखान हुन् । यस्ता उखानले लोकजीजनमा विभिन्न क्रियाकलाप, रीतिथिति, बानीव्यहोरा, चलनचाजो, विश्वास र दृष्टिकोण आदिका माझबाट अभिधेय अर्थ बोकेका हुन्छन् र भाषिक व्यवहारमा व्यङ्ग्यार्थ लिएर प्रस्तुत हुन्छन् । लोकजीवनमा आएका सारपूर्ण कथन र लाक्षणिक अर्थ दिने पदावलीहरू उखानटुक्का हुन् ।

प्रयोगात्मक नेपाली शब्दकोशमा लोकजीवनमा चलेका सारपूर्ण कथन वा त्यस्ता उक्ति, लोकोक्ति, आहान आदि उखान हुन् भनी परिभाषित छ भन्ने कुरा उल्लेख गरेका छन् र उनका अनुसार नेपाली भाषामा रहेका यस्ता उखान तथा लोकोक्तिहरूले भाषालाई सबल, सुदृढ, मिठासपूर्ण बनाउँछन् । विषय एवम् प्रसङ्गअनुसार यस्ता उखानहरूको सही प्रयोगले भाषालाई अझ अर्थपूर्ण बनाउँछन् । उखानटुक्काको प्रयोगले लामो भनाइलाई समेत सङ्क्षिप्त बनाउन सहयोग गर्दछन् । प्रसङ्ग र विषयभन्दा बाहिर गएर उखानटुक्काको प्रयोग भएमा भाषिक मर्म हराएर जान्छ (लुइटेल र गौतम, २०७०, पृ. ५७) । उखान र टुक्का सन्दर्भ अनुसार प्रयोग हुन्छ र सन्दर्भअनुसार अर्थ लाग्छ । विनासन्दर्भ र प्रसङ्ग उखानटुक्का प्रयोग गर्नुको कुनै अर्थ रहँदैन ।

उखान प्रत्येक जाति वा समाजका भाषिक समुदायमा मार्मिक तथा साझा अनुभवद्वारा विकसित हुन्छन् । उखानहरू मूलतः कथ्य भाषाबाट विकसित भए तापनि लेख्य भाषामा पनि तीव्र रूपमा प्रयोग हुँदै गएका छन् । उखानलाई बहुसङ्ख्यक मानिसको बोलचालको स्रोत पनि भनिन्छ । उखानमा लोकका सारगर्भित भनाइ रहन्छन्  यसबाट पनि के स्पष्ट हुन्छ भने उखानहरू लोकका अनुभवबाट फस्टाउँदै गइरहेका हुन्छन् ।

नेपाली भाषाको उखान शब्द संस्कृतको उपाख्यानबाट प्राकृतमा उक्खाण हुँदै नेपाली उखान बन्न गएको हो । नेपाली भाषामा उखान शब्द संस्कृतको उपख्यानबाट आएको भए तापनि यी दुईको अर्थ भेद भइसकेको छ । उपख्यान एक किसिमको कथा हो । भने उखान एउटा न एउटा लोक अनुभवलाई बोक्ने तथा लोक विश्वासलाई सूत्रवद्ध रूपमा अभिव्यक्त गर्न उद्गारका रूपमा प्रचलित छ । यस प्रकार कुनै पनि जातिका भाषिक समुदायमा विभिन्न व्यक्तिहरूले पुस्तौँपुस्तादेखि साझा अनुभवका रूपमा सँगालेका आख्यान तथा दृष्टान्तमूलक अभिव्यक्तिको सामान्यीकरण नै उखानको रूपमा चलेको हुन्छ । लोक अनुभवबाट माँझिँदै, खारिँदै, फस्टाउँदै जाने हुनाले यसलाई लोकोक्ति पनि भनेको पाइन्छ । उखान छोटो भनाइको रूपमा रहेको हुन्छ तापनि यसले परिपक्व अनुभवको निचोड दिँदै लोक व्यवहारमा गहँकिला कुराको बोध गराउँछ । उखान प्रायः संसारका सबै भाषामा पाइन्छ । अङ्ग्रेजीमा प्रोभर्व, हिन्दीमा कहावत् लोकोक्ति, बङ्गालीमा लोकोक्ति, संस्कृतमा सुभाषित वा लोकोक्ति भनिन्छ भने नेपालीमा उखानलाई लोकोक्ति, चुट्किला, किस्सा, उक्तिजस्ता शब्दहरूको प्रयोग गरिएको पाइन्छ ।

उखान मूलतः कथ्य भाषाबाट विकसित भए तापनि लेख्य भाषामा पनि यसको प्रयोग भएको पाइन्छ । उखानको अस्तित्व प्रयोगमा पाइन्छ चाहे त्यो कथ्य भाषा होस् वा लेख्य भाषा । उखानको प्रयोगले अभिव्यक्तिका क्रममा चटनीजस्तो बनाउँछ । उखान छरितो र कसिलो रूपमा आएको गद्य उक्ति हो तर उखान पद्य नभए तापनि यसको सूत्रात्मक पद्य कथनमा पाउन सकिने लयात्मकता यसमा पाउन सकिने छ । उखानलाई पूर्वीय तथा पाश्चात्य विद्वान्हरूले आ-आफ्नै ढङ्गबाट परिभाषित गरेको पाइन्छ ।

“उखानको आकार लोककथा, लोकगाथा, लोकनाट्य भन्दा र धेरैजसो लोकगीतभन्दा सानो हुन्छ, तर अर्थको गहनता, व्यापकता र चमत्कार भने ज्यादै महत्त्वपूर्ण हुन्छ ।” (गिरी,

२०५७, पृ. १२९) । उखान छोटो भएपनि प्रभावकारी रूपमा भाषामा चमत्कार ल्याउँछ र भाषालाई मिठास बनाउने काम गर्दछ ।

"कुनै पनि जातिका भाषिक समुदायका विभिन्न व्यक्तिले पुस्तौँ पुस्तादेखि साझा अनुभवका रूपमा सँगालेको आख्यान अथवा दृष्टान्तमूलक अभिव्यक्तिको सामान्यीकरण नै उखानका रूपमा चलेको हो" (पराजुली, २०५८, पृ. १२) । उखान पुस्तौँ पुस्तादेखि प्रयोग गर्दै आइरहेको पाइन्छ । उखानले परम्परा रीतिरिवाजलाई एक पुस्तादेखि अर्को पुस्तामा हस्तान्तरण गर्ने गर्छ ।

"उखान भनेको जातीय जीवनको सत्य तथा अनुभवसिद्ध ज्ञानका रूपमा तथा सार्वभौम एवम् सार्वकालिक अभिव्यक्तिका रूपमा सङ्क्षिप्त तथा सरल ढङ्गले प्रकट हुने जीवन्त र लोकप्रिय अभिव्यक्ति हो " (बन्धु, २०५८, पृ. ३३४) । उखान सरल र सहज ढङ्गले अभिव्यक्ति हुने हुँदा यसको प्रयोग एकदमै लोकप्रिय रहेको छ ।

"सामान्य सत्य, परिपक्व ज्ञान वा साझा अनुभवमा आधारित सारगर्भित र सूत्रात्मक उक्तिलाई उखान भनिन्छ" (शर्मा र लुइटेल, २०६०, पृ. ५२०) ।

"उखानहरू लोकका सम्पत्ति हुन् । यिनको सिधा सम्बन्ध लोकजीवनसँग हुन्छ । यसै कारणले उखानलाई कतिपय भाषामा लोकोक्ति पनि भनिन्छ । यसको अर्थ हो लोकोक्ति, प्राज्ञोक्ति होइनन् । ती त लोकजीवनसँग प्रत्यक्ष सरोकार राख्ने लोकका उक्ति हुन्" ( कोइराला, २०५७, पृ. ५) । उखानहरू समाजमा नै प्रयोग हुने भएकाले लोकजीवनसँग उखानको सम्बन्ध रहेको हुन्छ ।

यी विभिन्न परिभाषालाई हेर्दा उखानको परिभाषाहरूलाई हेर्दा लोकसमुदायले जीवन बाँध्ने क्रममा सङ्गालेका अनुभवहरूलाई सूत्रात्मक रूपले विशिष्ट भाषिक शैलीमा भनिएका उपआख्यान नै उखान हुन् जसलाई कुनै पनि जातिका भाषिक समुदायका विभिन्न व्यक्तिले पुस्तौँ पुस्तादेखि साझा अनुभवका रूपमा अँगालेका हुन्छन् ।

भाषिक संरचनाका आधारमा उखान वाक्यका स्तरको संरचना हुने त्यस सूत्रात्मक कथन हो जसको अर्थ भाषिक स्रोतसँग गाँसिएको हुन्छ । उखानको बनोट बुनोट र आकार

लोककथा, लोकगाथा, लोकनाटक र लोकगीतको भन्दा सानो हुन्छ तर यसको अर्थको गहन, व्यापक र चमत्कारिक मात्रै होइन ज्यादै सशक्त र प्रभावकारी पनि हुन्छ ।

### २.२.२ नेपाली उखानका विशेषता

नेपाली भाषामा कतिपय उखान परम्परागत रूपबाट रूपान्तरित हुँदै आइरहेका भए पनि अधिकांश उखान नेपाली जनजीवनका मौलिक सिर्जना नै हुन् । जीवनभोगाइका क्रममा आएका उकाली ओरालीहरूका माभ्रुबाट उखानको उत्पत्ति र प्रचलन हुँदै जाने प्रक्रियाले पनि यस तथ्यको पुष्टि गर्छ । "कुनै पनि जाति वा समाजमा भाषिक समुदायको अमूल्य रत्न" (पराजुली, २०५४ : ३१) । भाषाको रूप परिवर्तनका क्रममा कतिपय उखानहरू सरलतार्फ बग्दै आइरहेका हुन्छन् भने कतिपय उखान सहज ग्राह्य भएका कारणले पूर्व भाषाकै अवशेषका रूपमा रहेका देखिन्छन् । यसरी लोकजीवनको सार तथा उक्तिको चमत्कारका रूपमा यसले नेपाली लोकसाहित्यमा आफ्नो महत्त्वपूर्ण स्थान ओगटेको छ र उखानका दृष्टिले नेपाली भाषा धेरै धनी छ । नेपाली उखानमा भावको सरलता, प्रयोगको मधुरता, अनुभूतिको छटा, दृष्टान्त तथा गाम्भीर्यका साथै व्यङ्ग्यात्मक पनि हुन्छन् । यसका साथै उक्ति वैचित्रता पनि रहेको हुन्छ । प्रायः सबै भाषाका उखानमा पाइने विशेषता नेपाली उखानमा पनि पाइने हुनाले मूल विशेषतालाई उल्लेख गर्न सकिन्छ :

#### (क) सारगर्भिता

पूरा अनुच्छेद वा सानोतिनो कथाले अर्थ्याउने कथनलाई एक टुक्रा उखानले नै पूर्ण गरिदिन्छ र त्यसको प्रभाव विद्युतीय तरङ्गभ्रैँ भई श्रोता/पाठकको मुटुसम्म पुग्दछ । गहन भएर पनि सरल हुनु, व्यापक अर्थमा छरिएर पनि संक्षिप्त हुनु तथा सामान्य कथनमा पनि आलङ्कारिकताको चमक आउनुलाई उखानका विशेषताका रूपमा लिन सकिन्छ । यिनमा नै नेपाली जीवनका अनमोल ज्ञान तथा अनुभूति सञ्चित भएको देखिन्छ । उखानका रचयिता अज्ञात रहे तापनि यसले नेपाली लोक साहित्यलाई सारगर्भित बनाएको छ ।

#### (ख) संक्षिप्तता

उखानको प्रमुख तत्व वा गुण नै संक्षिप्तता हो । संक्षिप्ततामा जति गम्भिर अर्थ लुकेको हुन्छ, त्यही अर्थलाई व्याख्याका रूपमा प्रस्तुत गर्दा ओजनदार बन्न सक्दैन । एक

किसिमले गाग्रोमा समुद्र भर्ने काम उखानमा हुन्छ । यसैले उखानमा एक शब्द पनि फाल्तु हुँदैनन् ।

(ग) **सरलता**

नेपाली उखान सरल हुनाका साथसाथै सरस हुन्छन् । भाषाको सरलताले उखान निकै प्रभावकारी हुन्छन् भने भाव सौन्दर्यले तिनलाई स्वतः हृदयस्पर्शी बनाउँछ । नेपाली उखानमा प्रयोग भएका शब्दहरू खिरिला र स्वादिला हुन्छन् । जस्तैः इन्द्रका अगाडि स्वर्गको बयान, जसले मह काढ्छ उसले हात चाट्छ, बाँदरको हातमा नरिवल आदि ।

(घ) **सजीवता**

नेपाली उखान सत्यतामा आधारित तथा यथार्थपरक भएकाले तिनमा सजीवता रहेको हुन्छ । उखानले भाषामा प्राणसञ्चार गर्दै अभिव्यक्तिमा तीव्रता ल्याइदिन्छ । यसमा काल्पनिक उडान हुँदैन र जनसाधारणमा दिनप्रतिदिन आइपर्ने जीवन भोगाइका यथार्थ चित्र प्रतिबिम्बित हुन्छन् । हास्यव्यङ्ग्यका कोणबाट समेत कतिपय नेपाली रमाइला र चुट्किला हुनुका साथै छेडपेचका आधारमा सुधारात्मक स्वर पनि दिएका हुन्छन् । जस्तैः आफ्नो आङ्को भैँसी नदेख्ने, अर्काको आङ्को जुम्रा देख्ने, बाघ बुढो भएपछि फट्याङ्ग्रो टिप्छ आदि ।

(ङ) **रूपविविधता**

नेपाली उखानमा विषयगत र रूपगत विविधता पाइन्छ । कुनै प्रश्नोत्तर किसिमका हुन्छन् भने कुनै गीतात्मक किसिमका हुन्छन् । त्यस्तै कुनैमा संवादात्मकता भेटिन्छ भने कुनैमा तुकबन्दी मिलेको पाइन्छ । उखान बोलचालका प्रसङ्गमा सङ्केतात्मक वा दृष्टान्तमूलक भएर जनजिब्रोमा आउँछन् ।

(च) **लोकप्रियता**

लोकप्रियता उखानको मूल लक्षण हो । कुनै पनि कुरा लोकजीवनले अँगाले पछि नै प्रिय हुन्छन् र जन मानसले सहस्र स्वीकारेपछि नै तिनले जीवन्तता पनि पाउँछन् । लोकजीवनको सेरोफेरोमा जहाँतहीँ छरिनु नै यसको लोकप्रियताको प्रमुख कारण हो । पुस्तौँ

पुस्तादेखि नेपाली जनजिब्रोमा खेल्दै खारिँदै आएकाले पनि यसको लोकप्रियता छ भन्न सकिन्छ ।

यसरी नेपाली लोकमानसमा भिजेका मार्गदर्शनका रूपमा आइरहने र नेपाली भाषिक समुदायका जीवन्त अभिव्यक्ति भएकाले पनि लोकप्रिय भएका छन् ।

## २.३ टुक्काको परिचय

टुक्कालाई लोकसाहित्यको लोकोक्तिको रूपमा प्रचलित श्रव्य विधाअन्तर्गतको एक उपविधा मानिन्छ । यसलाई तुक्का पनि भन्ने गरेको पाइन्छ । नेपाली भाषामा यसको पर्यायको रूपमा वाक्यपद्धति, वाग्रीति, वाग्धारा वाक्यांश, पदावली, पदसमूह जस्ता शब्दहरू प्रचलित रहेका देखिन्छन् । टुक्कालाई हिन्दीमा मुहावरा, अङ्ग्रेजीमा इडियम्स र संस्कृतमा वाग्रीति, वाग्धारा, वाक्यपद्धति भनिन्छ । टुक्का भाषामा अपूर्ण वाक्यांश हुन् र यसलाई वाक्यमा प्रयोग गरेपछि मात्र पूर्ण मान्न सकिन्छ । यसले वाक्यमा प्रयोग भएपछि मात्र भाषालाई अर्थपूर्ण बनाउँदछ । त्यसैले भाषा प्रयोगमा रोचकता प्रदान गर्ने यसको महत्त्वपूर्ण योगदान रहेको हुन्छ । तर यसलाई वाक्य संरचनाबाट हटायो भने वाक्यको स्वरूप र अर्थ नै भताभुङ्ग हुन्छ । कुनै एउटा क्रियामा विशेष शब्द गाँसिदा टुक्काको निर्माण हुन्छ र टुक्काले बुझाउने अर्थ अभिधामूलक नभई लक्षणामूलक हुन्छ । “वाच्यार्थ भन्दा लाक्षणिक अर्थ मुख्य हुने, प्रायः क्रियाका साथमा आउने, विशेष किसिमको पदावली मुहवरा” (प्र.ने.श., २०६३ : ४०७) । यस्ता टुक्काले सूक्ष्मदेखि स्थुल अर्थसम्मलाई स्पष्ट पार्ने काम गर्दछन् ।

टुक्का भाषाका अपूर्ण लघु अभिव्यक्ति हुन् जसलाई वाक्यमा प्रयोग गरेपछि मात्र पूर्ण मानिन्छ र तब मात्र टुक्का सार्थक हुन्छन् । टुक्काको उत्पत्ति जब मानिसले आफ्नो जीवनका सुख दुःखका लामा घटना र भावलाई थोरै शब्दमा चमत्कारिक, रहस्यमय र लाक्षणिक विशेष अर्थको बोध गराउने शक्तिको रूपमा प्रयोग गर्न थाल्यो, तबदेखि नै लोकजीवनमा भाषिक लघु अभिव्यक्तिको रूपमा टुक्काको उत्पत्ति भयो टुक्काको प्रयोग दैनिक भाषिक व्यवहारमा आफ्नो बोलीलाई रोचक र प्रभावकारी बनाउन सकिन्छ । टुक्का भाषामा प्रयोग गरिने छोटा वाक्यखण्ड हुन् । यसको प्रयोगले वाक्यको अर्थमा नयाँ चमत्कार आउँछ । विशिष्ट अर्थ प्रदान गर्ने टुक्काहरू वाक्यलाई कसिलो र बोधक बनाउने तत्वका रूपमा

प्रयोग भएर आउँछन् । यस्ता टुक्का स्वतन्त्र नभई आश्रित हुन्छन् (पौड्याल, २०६१, पृ. ४) । टुक्का वाक्यमा आश्रित भएका हुन्छन् । टुक्का वाक्यमा प्रयोग हुँदा टुक्काले अर्थ प्रदान गर्दछ ।

कथ्य लेख्य सन्दर्भमा टुक्काको प्रयोग हुँदा अभिव्यक्ति विशिष्ट बन्छ । यसैले कलात्मक तथा सौन्दर्यात्मक भाषिक अभिव्यक्तिका लागि टुक्काको महत्त्वपूर्ण स्थान रहेको पाइन्छ । जब मानिसले सामान्य भनाइलाई पनि सिधै नभनेर घुमाइ फिराइ भन्न थाल्यो तबदेखि यसको उत्पत्ति हुन पुगेको देखिन्छ । टुक्कालाई भाषाको प्राण र लोक सांस्कृतिक सम्पत्ति मानिन्छ । टुक्काभाषामा प्रयोग गरिने छोटा वाक्य खण्ड हुन् । जसको प्रयोगले दैनिक भाषिक व्यवहारमा आफ्ना वाणीलाई रोचक र प्रभावकारी बनाई अर्थमा चमत्कार ल्याउँछ । टुक्काका बारेमा विभिन्न विद्वान्हरूले आ-आफ्ना धारणा यसरी प्रस्तुत गरेका छन् :

यदि कुनै वाक्यांश, पद अथवा पद समूहले कुनै अर्ति, उपदेश, सुक्ति, अथवा परम्परागत उद्‌गार नगरीकनै वाच्यार्थमा तेर्स्यायो र लक्ष्यार्थ जाहेर गऱ्यो भने त्यो टुक्का अथवा टुक्का कहलाउँछ (बालकृष्ण पोखरेल)

जब सँगै आएका एकभन्दा बढी पदहरूले आफ्नो वाचक अर्थ छोडेर अर्कै अर्थ दिन लाग्छन् त्यस्तालाई मुहावरा भनिन्छ । त्यस्ता मुहावरा सम्पूर्ण पद समूह विशिष्ट अर्थ दिनका लागि प्रयुक्त हुन्छन् (चूडामणि बन्धु) ।

नेपाली भाषा साहित्यलाई खँदिलो तुल्याउने र सिँगार्ने काममा उखानटुक्काहरू निकै प्रभावशाली हुन्छन् (शिवप्रसाद पौड्याल)

क्रियासँग खास खास शब्दको सङ्ग्रहित रचना भएको त्यस पद समूहलाई टुक्का भनिन्छ । जो अभिधेय नभएर विशिष्ट अर्थमा रुढ हुन्छ (मोहनराज शर्मा)

टुक्का अभिधात्मक भन्दा भिन्नै अर्थ बुझाउने अभिव्यञ्जना भएको पद र पदावली हुन् (नेपाली बृहत् कोश) ।

### २.३.१ टुक्काको संरचनागत तत्त्व

टुक्का एक वा एकभन्दा बढी मुक्त रूपको सङ्गठित रूप हो । "कुनै कविता वा गीतको सानो अंश पाठको अन्तिम भाग" (नेपाली बृहत् शब्दकोश, २०४०, पृ. ५४२) । यसका संरचनामा रहेका शब्दहरू एक अर्कासँग बलियो गरी गाँसिएका हुन्छन् । टुक्काको संरचनामा रहेका शबदको छुट्टाछुट्टै प्रयोग गर्दा र कुनै एक शब्दलाई झिकेर त्यस ठाउँमा त्यस्तै अर्को शब्द राख्दा संरचनामा भताभुङ्ग भई अर्थमा फरक पर्न जान्छ । जस्तै पेट काट्नुको अर्थ कम खानु र असाध्यै दुःख पाउनु पनि हो । यसलाई वाक्यमा प्रयोग गर्दा 'मैले आफ्नो पेट काटेर भाइलाई पढाएको हुँ ।" यहाँ पेटको ठाउँमा 'भुँडी', 'उदर' शब्द राखियो भने टुक्का बन्दैन ।

एक वा एकभन्दा बढी शब्दहरू मिलेर बन्ने टुक्काको अर्थ वाच्यार्थभन्दा लक्ष्यार्थ प्रधान हुन्छ । पद समूहअन्तर्गत जुन पायो त्यही शब्द राखेर टुक्का बन्दैन । टुक्काको निर्माण खास खास शब्दका साथ खास खास क्रियाको मेल भएपछि मात्र हुन्छ र त्यस्ता टुक्काहरूले विशेष अर्थ दिन्छन् । स्वतन्त्र अस्तित्व र अर्थ भएका दुई वा दुईभन्दा बढी शब्दहरूको परस्पर मेल भई तिनले दिने विशेष अर्थको द्योतक हुँदा मात्र टुक्काको निर्माण हुन्छ । "कविता वा गीतको दुई दुई चरणका अन्तिम शब्द वा शब्दको फाँकी मिलाउने काम अन्त्यानुप्रास" (नेपाली बृहत् शब्दकोश, २०४०, पृ. ५४२) । टुक्काको संरचनाका दृष्टिले एकपदीय, दुईपदीय, तीनपदीय र बहुपदीय हुन्छन् ।

टुक्काभन्दा बाहिर अन्य ठाउँमा त्यस्ता शब्दको आ-आफ्नै स्वतन्त्र अर्थ र अस्तित्व रहेको हुन्छ । जस्तैः 'आँखा लाग्नु' यस टुक्कामा आँखाले हेर्नु इन्द्रिय विशेष हो भने 'लाग्नु', कुनै ठाउँमा प्रयोग हुनु वा टाँसिनु हो । यी दुवै मिलेर आउँदा टुक्काको निर्माण हुन्छ र विशिष्ट अर्थ निस्किन्छ । नेपाली लोकजीवनमा टुक्काको निर्माण तीन किसिमले भएको देखिन्छ । जसलाई निम्नानुसार देखाउन सकिन्छ :

#### (क) खास पद र खास क्रियाको संयोजन

टुक्का निर्माणको खास आधार भनेको नै खास खास शब्दका साथ खास खास क्रियाको संयोजन हुनु हो । भाषिक भण्डारका सबै शब्दहरूबाट टुक्का बन्न सक्दैन । टुक्का

खास खास शब्दको मेलबाट बन्छ । यसमा शब्द वर्गका नाम, सर्वनाम, विशेषण, अव्यय र क्रिया सबै नै प्रयुक्त हुन सक्छन् । टुक्कामा विशेष गरी क्रियाहरूको विशेष भूमिका रहन्छ । यसको निर्माणमा प्रयोग हुने शब्दहरू नै बढी छनोट गरिन्छ । शरीरका अंग घरेलु वस्तुहरू, प्रकृति पशुपंक्षी, भाव कार्यलाई बुझाउने शब्दको मेलबाट टुक्काहरू बन्दछन् । टुक्का खास खास क्रियासँग खासखास शब्द मिलेर बनेको हुन्छ । यसमा न कुनै पर्यायवाची शब्द राख्न मिल्छ न अर्को शब्द राख्न मिल्छ । जस्तैः 'हरेस खानु', 'आँखा तर्नु', यहाँ 'खानु' र 'तर्नु' मा अन्य शब्दको प्रयोग गरियो भने टुक्का बन्दैन टुक्काहरूको खास क्रियाका साथ खास शब्द मिलेर विशेष अर्थ धारण गरेका हुन्छन् ।

### (ख) अर्थगत विशिष्टता

टुक्काले दिने अर्थ सामान्य कथनले दिने अर्थभन्दा विशिष्ट किसिमको हुन्छ । त्यसैले भाषिक चमत्कार र सौन्दर्यका निम्ति टुक्काको प्रयोग गरिन्छ । टुक्काले वाच्यार्थ त्याग गरी लक्ष्यार्थ प्रदान गर्दछन् । कुन टुक्का हो, कुन टुक्का होइन भनी छुट्याउने मूल आधार नै त्यसको अर्थगत विशिष्टता हो । जस्तैः 'माटो खानु', 'हावा खानु', 'कान खानु' जस्ता पद समूहले आफ्नो वाच्यार्थ त्याग गरी लक्ष्यार्थ दिएका छन् । तर 'भात खानु', 'किताब पढ्नु' जस्ता पद समूहले लक्ष्यार्थ दिँदैनन् । त्यसैले लक्ष्यार्थ प्रकट नगर्ने पद समूहलाई टुक्का मानिँदैन ।

टुक्काको निर्माणमा विशेष अर्थ द्योतन हुन्छ । विशेष अर्थको द्योतन भएन भने त्यो टुक्का नभई सामान्य कथनमात्र हुन्छ । जस्तैः 'जिब्रो टोक्नु' को अर्थ कुनै व्यक्तिले आफ्नो जिब्रो टोकेर देखाउनु नभई 'मर्नु' भन्ने विशिष्ट अर्थ प्रकट हुन आउँछ । यस्तो लाक्षणिक अर्थ मात्र द्योतन गर्दछ ।

### (ग) सन्दर्भ प्रयोग

टुक्काको सार्थकता त्यति बेला देखिन्छ, जब भाषिक अभिव्यक्ति उचित ठाउँमा सन्दर्भ मिल्ने गरी प्रयोग गरिन्छ । वाक्यमा प्रयोग गरेपछि मात्र टुक्काको अर्थगत चमत्कार र भाषिक सौन्दर्य देखिन्छ । जस्तैः 'हरिले यसपालिको परीक्षामा पनि आलु खाएछ ।' यहाँ 'आलु खानु' ले जाँच दिने बेलामा 'आलु खानु' नभई असफल हुनु भन्ने अर्थबोध गराउँछ । यदि

यसलाई हामी 'आलु खानु' अर्थात् घरमा आलुको तरकारी खान्छौ भन्दा टुक्काको अर्थ बन्दैन र लक्ष्यार्थ पनि आउँदैन । तसर्थ पद, पदावली मात्र आफैंमा टुक्का होइनन् तिनको प्रयोग सन्दर्भले मात्र टुक्का बन्दछन् ।

## २.४ उखान र टुक्कामा समानता

भाषाले मानव अनुभूतिको माध्यम ग्रहण गर्न थालेपछि नै उखानटुक्काको प्रचलन हुन थालेको हो । नेपाली भाषा र साहित्यलाई खँदिलो र सौन्दर्ययुक्त तुल्याउने काममा उखानटुक्काहरू निकै प्रभावशाली हुन्छन् । उखानटुक्काको इतिहास पनि नेपाली भाषाकै इतिहाससरह पुरानो छ । यसको प्रयोग स्थितिलाई हेर्दा शिक्षितदेखि अशिक्षित व्यक्तिहरूले यसलाई साझा सम्पत्तिको रूपमा ग्रहण गरेको पाइन्छ । उखानटुक्काहरू कुराको प्रसङ्गमा प्रयुक्त हुन्छन् । यी जति नै पुरानो भए पनि सधैं ताजा र नयाँ लाग्ने हुन्छन् ।

वास्तवमा उखानटुक्का दुवै अभिव्यक्तिमा ताजापन, निख्खरपन र विशिष्टता ल्याउने माध्यम हुन् तापनि यी दुवैलाई एउटै हुन भन्न मिल्दैन । उखान अर्थपूर्ण स्वतन्त्र वाक्य हो भने टुक्का अर्थपूर्ण पदावली हो । उखान आफैंमा अर्थपूर्ण वाक्य हो भने टुक्का वाक्यमा प्रयोग भएपछि मात्र अर्थपूर्ण बन्छ । उखान आलङ्कारिक रूपमा व्यक्त हुन्छ । उखान र टुक्का बिचमा प्रशस्त भिन्नता हुँदाहुँदै पनि केही कुरामा समानता रहेको पाइन्छ । उखान र टुक्का दुवै लोकोक्तिका रूपमा प्रचलित लघु अभिव्यक्ति भएको हुँदा समानता देखिन्छ । उखान र टुक्का बिचको समानता निम्नानुसार रहेका छन् :

१. उखान र टुक्का दुवै लोकजीवनमा पुस्तौं पुस्तादेखि चलिआएका लोकोक्तिका रूपमा प्रचलित विधा हुन् ।

२. यी दुवैले दिने अर्थमा सामान्य अर्थ नभई लक्ष्यार्थमूलक विशेषार्थ प्रधान हुन्छ ।

३. यी दुवै लोक साहित्यका अन्य विधाका तुलनामा लघु अभिव्यक्ति हुन् ।

४. यी दुवै विधा प्रतिकात्मक रूपमा प्रयोग हुन्छन् ।

५. उखान र टुक्का दुवै मौखिक र लिखित भाषिक अभिव्यक्तिलाई प्रभावकारी बनाउन प्रयोग हुन्छन् ।

६. यी दुवैमा लोकजीवनका सामाजिक, सांस्कृतिक र ऐतिहासिक चित्र प्रतिविम्बित भएका हुन्छन् ।

७. उखान र टुक्का युगौंदेखि मौखिक परम्परामा जीवित हुँदै आएका लोक साहित्यिक विधा हुन् ।

८. उखान र टुक्का दुवैमा अर्थगत, ध्वन्यात्मकता, सरलता र सरसता जस्ता विशिष्ट गुण पाइन्छन् ।

## २.५ उखान र टुक्कामा भिन्नता

लोक साहित्यका विभिन्न विधाहरूमध्ये उखान र टुक्का भिन्नाभिन्नै विधा हुन् । "लोक प्रचलनमा आएका सम्पूर्ण कथन र लाक्षणिक अर्थ दिने पदावली, मुहावरा" ( प्रयोगात्मक नेपाली शब्दकोश, २०६३, पृ. ९८) । यी दुई विधाको छुट्टाछुट्टै अस्तित्त्व स्थापित भइसकेको छ । कतै कतै यी दुई विधालाई एकैसाथ 'उखान र टुक्का' भन्ने प्रचलन भए तापनि यी दुई विधा लोक साहित्यका भिन्न विधा हुन् । 'उखान र टुक्का' ले अलग अलग अस्तित्व बोकेर उभिएको पाइन्छ । विभिन्न विद्वान्हरूले उखान र टुक्का बिचमा भिन्न धारणाहरू यसप्रकार प्रस्तुत गरेका छन् ।

"दुई टुक्रा पाऱ्यो भने अर्थात् एउटा काम हुँदा अर्को काम बन्ने भयो भने उखान र एउटा मात्र काम बुझाउने तथा काम बन्ने भयो भने टुक्का हुन्छ ।" (पुष्कर शमशेर)

"उखानहरू आफैँमा पूर्ण उक्ति हुन् । टुक्काहरू यस्ता उक्तिहरूमा प्रयोग गरिने पदावली हुन् । उखानका तुलनामा टुक्काहरू अपूर्ण हुन्छन् ।" (चूडामणि बन्धु)

"उखानको संरचना वाक्य स्तरको हुन्छ तर टुक्काको संरचना पद समूहात्मक हुन्छ" (मोहनराज शर्मा)

यसरी उखान र टुक्का बिचको अन्तरलाई विभिन्न विद्वान्हरूले आ-आफ्नै ढङ्गले प्रस्तुत गरे तापनि सारपूर्ण रूपमा सबै विद्वान्हरूको मत मिल्न गएको देखिन्छ । उखान र टुक्का बिचको खास भिन्नतालाई निम्न लिखित बुँदाद्वारा प्रष्ट पारिएको छ :

१.	उखान र टुक्का लोकसाहित्यका बेग्लाबेग्लै विधा हुन् । उखानलाई आहान, किस्सा, भनाई, कथन, उक्ति, लोकोक्ति भनिन्छ भने टुक्कालाई वाग्धारा, वाक्यपद्धति, वाग्रीति, मुहावरा र वाक्यांश भनिन्छ ।

२.	उखानमा व्यञ्जनार्थको प्राधान्य हुन्छ भने टुक्का मूलतः लक्ष्यार्थमा आधारित हुन्छ ।

३.	उखान एउटा पूर्ण वाक्य कथन हो भने टुक्का एउटा वाक्यको खण्ड वा अंश हो ।

४.	उखान स्वतन्त्र वाक्य हो भने टुक्का स्वतन्त्र वाक्य खण्ड नभई वाक्यमा आश्रित एउटा अंश मात्र हो ।

५.	उखान लघु आकारको हुन्छ भने टुक्का लघुत्तम आकारको हुन्छ ।

६.	उखान नीति साहित्यअन्तर्गत आउँछ, टुक्का नीतिपरक नभएर लक्षणात्मक हुन्छ । अर्थका दृष्टिले पनि उखान स्वतः पूर्ण हुन्छ भने टुक्का चाहिँ अपूर्ण हुन्छ ।

७.	उखान लयात्मक र गद्यात्मक पनि हुन्छन् भने टुक्काहरू गद्यात्मक मात्र हुन्छन् ।

८.	एउटा भाषामा प्रचलित उखानलााई अर्को भाषामा रूपान्तरित गर्दा पनि फरक पर्दैन भने एउटा भाषाको टुक्कालाई अर्को भाषामा अनुवाद गर्न सकिँदैन ।

९.	उखानले वाक्यमा प्रयोग नभए पनि छुट्टै अर्थ प्रदान गर्न सक्छ भने टुक्काले वाक्यमा प्रयोग भएपछि मात्र अर्थ प्रदान गर्दछ ।

१०.	टुक्काको विशेष अर्थ वाक्यमा प्रयोग भएपछि मात्र व्यक्त हुन्छ भने उखानको अर्थ वाक्यमा प्रयोग नभए पनि हुन्छ ।

११.	उखानको शब्दमा परिवर्तन गर्दा उखानको अर्थ भताभुङ्ग हुँदैन भने टुक्काको शब्दमा परिवर्तन गर्दा टुक्काको अर्थ रहँदैन ।

१२.	उखानलाई टुक्र्याएर टुक्का बनाउन सकिन्छ भने टुक्कालाई लम्ब्याएर उखान बनाउन सकिँदैन । जस्तै : आकाशको फल आँखा तरि मर । यो एउटा पूर्ण उखान हो । यसलाई टुक्र्याएर एउटा अंश निकाल्दा आकाशको फल हुनु टुक्का बन्न पुग्छ ।

## २.६ उखानटुक्का शिक्षणको सान्दर्भिकता

नेपाली समाजमा नेपाली भाषाको विकाससँगै उखानको पनि सुरुवात भएको पाइन्छ । कुराकानीको क्रममा समय अनुकूल उखानटुक्काको प्रयोग गर्दा व्यक्त गर्न खोजेको कुरामा गहनता थप्न सकिन्छ । साथै संवादलाई रमाइलो बनाउनको लागि पनि उखानले बेजोड भूमिका खेल्ने गर्दछ, त्यसैले पनि उखानटुक्काको शिक्षण गर्नु सान्दर्भिक देखिन्छ ।

पछिल्लो पुस्ताको विकाससँगै पुराना उखान टुक्काहरूको प्रयोग घट्दै गएको वर्तमान समयमा उखानटुक्काहरू भाषा शिक्षणमा प्रयोग गर्नु निकै सान्दर्भिक देखिन्छ । उखानको सम्बन्ध लेख्य र कथ्य भाषासँग सम्बन्धित रहेकोले माध्यमिक तहको नेपाली पाठ्यक्रम पाठ्यपुस्तकमा उखानटुक्काहरू समावेश गर्नु उपयुक्त हुन्छ । नयाँ पुस्ताको कथ्य भाषामा उखानको प्रयोग हराउँदै जान थालेको छ । उखान जुनसुकै विधाको पनि शोभाकारक तत्त्व हो उखानटुक्काको प्रयोग विना कुनै पनि साहित्य उत्कृष्ट बन्न सक्दैन । त्यसैले पनि विद्यार्थीहरूमा उत्कृष्ट भाषामा शैलीको प्रयोग गरी साहित्य, लेख, रचना गर्न सक्ने क्षमता विकासको लागि भाषा शिक्षणमा उखानटुक्काको प्रयोग अपरिहार्य देखिन्छ ।

उखानटुक्काहरू लामो समयदेखि भोगेका र अनुभव गरेका महत्त्वपूर्ण ज्ञानकोशहरू हुन् जसलाई मौखिक रूपमा नयाँ पुस्तामा हस्तान्तरण गरी परम्परागत मूल्य मान्यताको जगेर्ना गर्दै समाजलाई सत्मार्गमा लाग्न प्रेरित गर्ने काम उखानटुक्काले गर्दछ ।

पुरानो पुस्ताले नयाँ पुस्तालाई सामाजिक मूल्यमान्यता सामाजिक परम्परा, धर्मसंस्कार आदि जस्ता कुराहरूका माध्यमबाट सही निर्देश गर्नका लागि भाषा शिक्षणमा उखानटुक्काको शिक्षण गर्नु आवश्यक हुन्छ । लिखित वा मौखिक भाषिक अभिव्यक्तिलाई सुन्दर र प्रभावकारी बनाउन उखानटुक्काले अलङ्कारको काम गर्ने हुँदा भाषा शिक्षण गर्दा शिक्षकले उपयुक्त ढङ्गले उखानटुककाको प्रयोग गर्दै भाषा शिक्षण गर्नु आवश्यक हुन्छ ।

उखानटुक्काहरूले भाषामा मिठास र स्तरीयता ल्याउन सहयोग गर्दछ र पुराना पुस्ताले अनुभव गरेका ज्ञानका कुराहरूलाई एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्दै आदर्श परम्परालाई जोगाई राख्ने महत्त्वपूर्ण साधनको काम गर्दछन् र थोरैमा धेरै कुरालाई समेट्न र भाषाको अभिव्यक्तिलाई स्तरीय बनाउन माध्यमिक तहका पाठ्यक्रम पाठ्यपुस्तकमा उखानटुक्का प्रयोग गरी शिक्षण गर्न सान्दर्भिक देखिन्छ ।

# अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्ययन माध्यमिक तहका नेपाली पाठ्यपुस्तकमा प्रयुक्त उखानटुक्काको प्रयोग क्षमताको अध्ययन भनिएता पनि कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त उखानटुक्काको प्रयोग क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । यस अध्ययनमा पुस्तकालय अध्ययन विधिका साथै क्षेत्रीय अध्ययन विधि अपनाइ विद्यार्थीहरूसँग प्रत्यक्ष भेटेर लिखित प्रश्नोत्तरका आधारमा निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधकार्य सान्दर्भिक रूपमा अगाडि बढाउन निम्न विधि र प्रक्रिया अपनाइएको छ ।

## ३.१ जनसङ्ख्या

कुनै पनि अध्ययनलाई विश्लेषण गर्नका लागि जनसङ्ख्याको आवश्यकता पर्दछ । प्रस्तुत अध्ययनमा २०७६ सालका कक्षा दशमा अध्ययनरत काठमाडौँ जिल्लाका विद्यार्थीहरूका साथै विभिन्न पुस्तकहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ ।

## ३.२ प्रतिनिधि नमुना छनोट

प्रस्तुत अनुसन्धान प्रतिनिधि नमुना छनोट गर्दा काठमाडौँ जिल्लाका २ सामुदायिक र २ संस्थागत विद्यालयहरूलाई छनोट गरिएको छ । प्रत्येक विद्यालयका १०/१० जना पर्ने गरी जम्मा ४० जना विद्यार्थी छनोट गरिएको छ । यसरी छनोट गर्दा २० जना छात्र र २० जना छात्रा पर्ने गरी विद्यार्थी छनोट गरिएको छ ।

प्रतिनिधि नमुनाको छनोटमा काठमाडौँ जिल्लाका २ सरकारी र २ संस्थागत विद्यालयहरू रहेका छन् । सरकारी विद्यालयहरूमा काठमाडौँ जिल्ला कीर्तिपुर नगरपालिकाभित्रका मङ्गल माध्यमिक विद्यालय, कीर्तिपुर, जनसेवा माध्यमिक विद्यालय, पाँगा, कीर्तिपुर, संस्थागतभित्र बाघभैरव बोर्डिङ हाइ स्कुल, नयाँबजार, कीर्तिपुर र साम्तेन मेमोरियल एजुकेशन एकेडेमी, कपन, बुढानिलकण्ठ रहेका छन् र उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्क सङ्कलन गर्दा उखानटुक्कासम्बन्धी प्रश्नावली भर्न लगाई उक्त काम गरिएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलनका स्रोतहरू

प्रस्तुत शोधपत्रका तथ्याङ्क सङ्कलनका स्रोतहरू निम्न रहेका छन् ।

### ३.३.१ प्राथमिक स्रोत

प्रस्तुत शोधपत्र कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त उखानटुक्काको प्रयोग क्षमताको लिखित अभिव्यक्ति र पुस्तक प्राथमिक स्रोतका रूपमा लिइएको छ । प्रस्तुत शोधकार्यका लागि तथ्याङ्क सङ्कलन गर्दा कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त उखानटुक्काको उचित प्रतिनिधित्व हुने गरी प्रश्न निर्माण गरिएको छ ।

### ३.३.२ द्वितीयक स्रोत

प्रस्तुत शोधकार्य शीर्षकको प्रकृति अनुसार पूर्व अध्ययन, पाठ्यपुस्तक, लेखरचना पत्रपत्रिका लगायतका अन्य सामग्रीहरूलाई आधार बनाएर अध्ययन गरिएको छ ।

## ३.४ विश्लेषण तथा प्रस्तुतीकरण

अनुसन्धानमा उल्लेख गरिएका विधि तथा प्रक्रिया अवलम्बन गर्दै विद्यार्थीबाट प्राप्त तथ्याङ्क तथा पाठ्यपुस्तकबाट प्राप्त तथ्याङ्कको विश्लेषण गरिएको छ । विद्यार्थीको प्राप्ताङ्कलाई मध्यमान र प्रतिशतका आधारमा व्याख्या विश्लेषण गरिएको छ । संस्थागत र सामुदायिक विद्यालयका छात्र र छात्रा विद्यार्थीहरूमा उखानटुक्का प्रयोग क्षमता कस्तो रह्यो भन्ने कुरालाई सङ्ख्या, प्रतिशत र तालिकीकरण गरेर देखाइएको छ । यस शोधकार्यमा प्रतिशताङ्क मध्यमान र मानक विचलनका आधारमा रहेर विश्लेषण तथा प्रस्तुतीकरण गरिएको छ । विश्लेषणका क्रममा उच्चस्तर र निम्नस्तरमा पर्ने विद्यार्थीहरूलाई औषत मानसँग दाजेर हेरी त्यही आधारमा विश्लेषण गरिने छ र माथि उल्लेखित तथ्याङ्कलाई विश्लेषण गर्दा निम्न सुत्र अपनाइएको छ ।

(क) **प्रतिशत**

$$P = \frac{R}{T} \times 100$$

P = प्रतिशत

R = तोकिएको श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी

T = जम्मा विद्यार्थी

(ख) **मध्यमान**

$$\overline{X} = \frac{\Sigma X}{N}$$

$\overline{X}$ = मध्यमाान

X = प्राप्ताङ्क

N = जम्मा सङ्ख्या

(ग) **मानक विचलन**

$$\sigma = \sqrt{\frac{\Sigma x^2}{N}}$$

σ = मानक विचलन

$\Sigma X^2$ = प्राप्ताङ्कको कुल योगको वर्ग

N = जम्मा सङ्ख्या

माथि प्रस्तुत गरिएका साङ्ख्यिकीय सूत्रहरूको प्रयोग गरी उक्त तथ्यहरूको व्याख्या विश्लेषणका लागि विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको आधारमा मध्यमान निकालिएको छ । उक्त अङ्कलाई लैङ्गिकता विद्यालयको प्रकृति आदिका आधारमा विद्यार्थीको प्राप्ताङ्कमा के कस्तो भिन्नता रहेका छन् भनेर जान्नका लागि मानक विचलनको आधारमा पनि व्याख्या गरिएको छ । विश्लेषणका क्रममा २५ प्रतिशतभन्दा कम प्रयोग क्षमता हुनेलाई निम्न ३५ प्रतिशतभन्दा कम उखानटुक्का प्रयोग क्षमता हुनेलाई मध्यम र ४० भन्दा कम उखानटुक्का प्रयोग क्षमता हुनेलाई उच्च र ५० भन्दा कम प्रयोग क्षमता हुनेलाई अति उच्चतम श्रेणीमा राखिएको छ ।

# अध्याय चार

## उखानटुक्काको सङ्कलन तथा वर्गीकरण

प्रस्तुत अध्ययन कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त उखानटुक्काको प्रयोग क्षमताको अध्ययन रहेकाले पाठ्यक्रम विकासकेन्द्र सानोठिमी, भक्तपुरद्वारा निर्धारित कक्षा दशको 'नेपाली किताब'बाट उखानटुक्काहरू सङ्कलन गरिएको छ । उक्त पाठ्यपुस्तकमा उखानहरू जम्मा २४ ओटा र टुक्काहरू ४७ रहेको पाइएको छ ।

पाठगत रूपमा कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका उखानटुक्काहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

पाठ १ : 'जन्मभूमि' कथामा प्रयोग भएका उखानटुक्काहरू

- जस्तो कर्म गर्‍यो त्यस्तै फल
- जननी र जन्मभूमि स्वर्गभन्दा पनि महान हुन्छन् ।
- सुखै सुखको नाम नै स्वर्ग हो,

**टुक्का**

- चित्त बुझ्नु
- मुन्टिनु
- हात जोड्नु

कक्षा दशको नेपाली पाठ्यपुस्तकमा पहिलो पाठ १ मा समावेश भएको 'जन्मभूमि' कथामा जम्मा तीनओटा उखान र तीनओटा टुक्काहरू प्रयोग भएका छन् :

कक्षा दशको नेपाली पाठ्यपुस्तकमा पाठ २ को 'सन्तुष्टि' कवितामा एउटा उखानको प्रयोग भएको छ ।

- सुखमा मात्तिने दुःखमा आत्तिने ।

पाठ ३ मा 'सन्दुक रुइत' को जीवनी रहेको छ । यसमा एउटा मात्र उखान र छओटा टुक्काको प्रयोग भएको पाइएको छ :

टुक्का

- अठोट गर्नु
- उज्यालो छर्नु
- कहाली लाग्नु,
- छाती दुख्नु
- मुलुक मार्नु
- सत्र पर्नु

उखान

- सादा जीवन उच्च विचार

पाठ ४ मा 'थाङ्का' निबन्ध रहेको छ । जसमा एउटा मात्र उखानको प्रयोग भएको पाइन्छ भने टुक्काको प्रयोग भएको छैन ।

उखान

- जहाँ विविधता हुन्छ त्यहाँ अनेक सम्भावना हुन्छ ।

पाठ ५ मा 'म पनि सक्छु' मनोवाद समावेश गरिएको छ । जसमा तीनओटा उखान र दुईओटा टुक्काको प्रयोग भएको पाइन्छ ।

उखान

- आफूले जेमा राम्रो गर्न सकिन्छ त्यसैमा मेहनत गर्नुपर्छ ।
- म खाऊँ मै लाऊँ सुख सयल वा मोज म गरु
- छोराछोरी दुवै बराबरी

टुक्का

- आँखा रसाउनु
- ध्यान खिच्नु

पाठ ६ मा 'व्यापारिक चिठी लेखन' रहेको छ जसमा उखानको प्रयोग भएको छैन र दुईओटा टुक्काको प्रयोग भएको छ ।

**टुक्का**

- गाउँले कोल्टे फेर्नु
- गाउँले मुहार फेर्नु

पाठ ७ मा गुरूप्रसाद मैनालीद्वारा लिखित 'प्रत्यागमन' कथा रहेको छ जसमा छओटा टुक्का र दुईओटा उखान प्रयोग भएको छ ।

**उखान**

- आफ्ना रापले आफै पिल्सिनु
- देवताको घरमा नभएको कुरो मानिसको घरमा किन हुन्थ्यो ।

**टुक्का**

- उम्लिएर हिँड्नु, काखी च्याप्नु
- काखी च्याप्नु
- दिन फिर्नु,
- तिल राख्ने ठाउँ नहुनु,
- ओइलाएको फूलझैं देखिनु
- छाती चर्किनु

पाठ ८ मा लक्ष्मीप्रसाद देवकोटाको 'वर्षा' कविता रहेको छ जसमा उखान र टुक्का प्रयोग भएको छैन ।

पाठ ९ मा 'हाम्रो संस्कृति' निबन्ध रहेको छ । प्रस्तुत पाठमा एउटा मात्र टुक्काको प्रयोग भएको छ ।

**टुक्का**

- श्रमको पुजा गर्नु

पाठ १० मा 'स्थानीयकरण भन्दा विश्वव्यापीकरण वेश' शीर्षकमा वादविवाद रहेको छ । प्रस्तुत पाठमा एउटा टुक्काको प्रयोग भएको छ ।

- फड्को मार्नु

पाठ ११ मा लक्ष्मीपूजा गोविन्दबहादुर मल्ल गोठालेको कथा समावेश गरिएको छ जसमा चौधओटा टुक्का र एउटा उखानको प्रयोग भएको छ ।

**उखान**

- कति लक्ष्मी होलिन कति घरमा जाने सबै धनी हुन चाहने ।

**टुक्का**

- दिल खोल्नु,
- नाक राख्नु
- मुख बिच्याउनु
- थुक बग्नु
- हृदय भारी हुनु
- मुखमा बुझो लाग्नु
- पेट भरिनु
- स्मृतिमा डुब्नु
- पछि पर्नु
- भाग्यमा किरा पर्नु
- मुखबाट चिप्लिनु
- दिन ढल्नु
- टाउको फोड्नु
- गाला फोड्नु

पाठ १२ मा 'क्लारा जेटकिन' जीवनी समावेश गरिएको छ । प्रस्तुत जीवनीमा उखानको प्रयोग गरिएको छैन । दुईओटा टुक्काको प्रयोग भएको छ ।

**टुक्का**

- आवाज उठाउनु
- दुनियाँबाट अस्ताउनु

पाठ १३ मा भैरव अर्यालको जय भुँडी निबन्ध रहेको छ जसमा नौओटा उखान र चारओटा टुक्काको प्रयोग गरिएको छ :

**उखान**

- ओरालो लागेको मृगलाई बाच्छाले पनि खेद्छ,
- जहाँ काफल पाक्छ त्यहाँ चरी नाँच्छ ।
- जसले मह काढ्छ, त्यसले हात चाट्छ ।
- जुन औषधी तितो छ त्यो हितकारी हुन्छ ।
- जहाँ जान लागे पनि भुँडी सँगसँगै जान्छ ।
- ठाउँ न ठहर धोको न रहर
- परिश्रम गर्नेले मिठो फल पाउँछ,
- हात्तीको मुखमा जिरा

**टुक्का**

- गुनासो गर्नु
- डाँडो काट्नु,
- दैलो कुर्नु
- हातमुख जोर्नु

पाठ १४ मा 'सडक बोल्दैछ' पारिजातद्वारा लिखित कविता समावेश गरिएको छ । प्रस्तुत पाठमा एउटा उखानको प्रयोग गरिएको छ ।

**उखान**

- जसले मह काढ्छ उसले हात चाट्छ

पाठ १५ मा भीमनिधि तिवारीको 'टीका' एकाङ्की समावेश गरिएको छ । उक्त पाठमा तीनओटा उखान र चारओटा टुक्काको प्रयोग भएको छ ।

**उखान**

- तेरो मुखमा गाइको दुध भात जाओस्
- बालकको मुखमा डाँक बसेको हुन्छ
- लगनपछिको पोतेको के काम ।

**टुक्का**

- रात चढ्नु, जुन छिप्पिनु,
- नुनको सोझो गर्नु
- हंशले ठाउँ छोड्नु

पाठ १६ मा भवानी भिक्षुको 'माउजङ बाबुसाहेबको कोट' कथा समावेश गरिएको छ । उक्त पाठमा एउटा उखान र चारओटा टुक्काको प्रयोग गरिएको छ ।

**उखान**

- जात भनेको जातै हो ।

**टुक्का**

- अनुहार रातो हुनु
- आँखा रसाउनु
- कानमा पर्नु

- मुटु हल्लिनु

कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका उखानहरूलाई अकारादि क्रममा मिलाइ व्यवस्थित रूपमा तल प्रस्तुत गरिएको छ :

१. आफ्नो रापले आफैँ पिल्सिनु,

२. ओरालो लागेको मृगलाई बाच्छाले पनि खेद्छ,

३. कति लक्ष्मी होलिन् कति घरमा जाने सबै धनी हुन चाहने,

४. छोराछोरी सबै बराबरी

५. जसले मह काढ्छ उसले हात चाट्छ,

६. जस्तो कम गऱ्यो उस्तै फल

७. जहाँ काफल पाक्छ त्यहाँ चरी नाँच्छ

८. जहाँ जान जागे पनि भुँडी सँगसँगै जान्छ ।

९. जहाँ विविधता हुन्छ त्यहाँ अनेक सम्भावना हुन्छ

१०. जात भनेको जातै हो,

११. जुन औषधी तितो हुन्छ, त्यो हितकारी हुन्छ ।

१२. जे मा राम्रो गर्न सकिन्छ, त्यसैमा मेहनत गर्नुपर्छ,

१३. ठाउँ न ठहर धोको न रहर

१४. तेरो मुखमा दुध भात जाओस्

१५. परिश्रम गर्नेले मिठो फल पाउँछ,

१६. बालकको मुखमा डाँक बसेको हुन्छ ।

१७. म खाऊँ मै लाऊँ सुख सयल वा मोज म गरुँ

१८. लगनपछिको पोतेको के काम

१९. सुखमा मात्तिने दुःखमा आत्तिने

२०. सादा जीवन उच्च विचार

२१. हात्तीको मुखमा जिरा ।

कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका टुक्काहरूलाई अकारादि क्रममा मिलाइ व्यवस्थित रूपमा तल प्रस्तुत गरिएको छ :

१. अठोट गर्नु

२. अस्ताउनु,

३. उज्यालो छर्नु

४. उम्लिएर हिँड्नु

५. ओइलाएको फूलझैँ देखिनु

६. कहाली लाग्नु,

७. काखी च्याप्नु

८. गाउँले कोल्टे फेर्नु

९. गाउँले मुहार फेर्नु

१०. चित्त बुझ्नु

११. छाती चर्किनु,

१२. छाती दुख्नु,

१३. टाउको फोड्नु

१४. डाडो काट्नु

१५. दिन ढल्नु

१६. दिन फिर्नु

१७. दिल खोल्नु

१८. दैलो कुर्नु

१९.  निद्रा नपर्नु

२०.  नाक राख्नु

२१.  पछि पर्नु

२२.  पेट भरिनु

२३.  फड्को मार्नु

२४.  भाग्यमा किरा पर्नु

२५.  मुखबाट चिप्लिनु

२६.  मुन्टिन

२७.  मुखमा बुझो लाग्नु

२८.  मुख विच्क्याउनु

२९.  मुटु हल्लिनु

३०.  मुलुक मार्नु

३१.  रात चढ्नु,

३२.  रातो पिरो हुनु

३३.  सत्र पर्नु

३४.  स्मृतिमा डुब्नु

३५.  हंशले ठाउँ छोड्नु

३६.  हातमुख जोड्नु ।

**कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका उखानटुक्काको वर्गीकरण**

**(क) शारीरिक अवयवसँग सम्बन्धित उखानटुक्काहरू**

- आफ्नो रापले आफैँ पिल्सिनु

- जसले मह काढ्छ उसले हात चाट्छ,
- जहाँ जान लागे पनि भुँडी सँगसँगै जान्छ,
- तेरो मुखमा दुध भात जाओस्,
- बालकको मुखमा डाँक बसेको हुन्छ,
- सुखमा मात्तिने दुःखमा आत्तिने
- हात्तीमो मुखमा जिरा
- सादा जीवन उच्च विचार

टुक्काहरू

- ओइलाएको फूलझैं देखिनु,
- उम्लिएर हिँड्नु
- काखी च्याप्नु
- चित्त बुझ्नु
- छाती दुख्नु
- छाती चर्किनु
- टाउको फोड्नु
- दिल खोल्नु
- नाक राख्नु
- पेट भर्नु
- भाग्यमा किरा पर्नु
- मुन्टिनु
- मुखमा बुझो लाग्नु

- मुखबाट चिप्लिनु
- मुटु हल्लिनु,
- स्मृतिमा डुब्नु
- हंशले ठाउँ छोड्नु
- हातमुख जोर्नु

**सामाजिक तथा सांस्कृतिक विषयसँग सम्बन्धित उखानटुक्काहरू**

- ओरालो लागेको मृगलाई बाच्छाले पनि खेद्छ
- कति लक्ष्मी होलिन् कति घरमा जाने सबै धनि हुन चाहने
- छोराछोरी दुवै बराबरी
- जस्तो कर्म गर्‍यो उस्तै फल
- जहाँ विविधता हुन्छ, त्यहाँ अनेक सम्भावना हुन्छ ।
- म खाऊँ मै लाऊँ सुख सयल वा मोज म गरुँ
- लगनपछिको पोतेको के काम ।

**टुक्का**

- उज्यालो छर्नु
- गाउँले कोल्टे फेर्नु
- गाउँले मुहार फेर्नु
- दिन फिर्नु
- नुनको सोझो गर्नु
- नाक राख्नु,
- भाग्यमा किरा पर्नु

- मुलुक मार्नु

(ग) **रूप र रचनाका आधारमा टुक्काहरूको बनोट**

**दुई पदीय टुक्काहरू**

- अठोट गर्नु
- उम्लिएर हिँड्नु
- काखी च्याप्नु
- कहाली लाग्नु
- चित्त बुझ्नु
- छाती चर्किनु
- गुनासो गर्नु
- टाउको फोड्नु
- डाँडो काट्नु
- दिन ढल्नु
- दिन फिर्नु
- दिल खोल्नु
- दैलो खोल्नु
- नाक राख्नु
- पछि पर्नु
- पेट भरिनु
- फड्को मार्नु
- मुख बिच्क्याउँनु

- मुटु हल्लिनु
- मुलुक मार्नु
- रात चढ्नु
- रातो पिरो हुनु
- सत्र पर्नु
- स्मृतिमा डुब्नु
- हातमुख जोर्नु

**बहुपदीय टुक्काहरू**

- ओइलाएको फूलझैँ हुनु
- गाउँले कोल्टे फेर्नु
- गाउँले मुहार फेर्नु
- नुनको सोझो गर्नु
- भाग्यमा किरा पर्नु
- मुखमा बुझो लाग्नु
- हंशले ठाउँ छोड्नु

# अध्याय पाँच

# समग्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन

प्रस्तुत अध्ययनबाट कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको उखानटुक्का क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । यस अध्ययनमा काठमाडौँ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता क्षेत्रीय अध्ययन विधिद्वारा पहिचान गरिएको छ । जसमा समग्र विद्यार्थीको उखानटुक्का प्रयोग क्षमतामा प्रतिशत मध्यमान देखाइएको छ ।

## ५.१ समग्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन

प्रस्तुत अध्ययन समग्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता हेर्नका लागि काठमाडौँ जिल्लाका कीर्तिपुर नगरपालिकाभित्र कक्षा दशमा अध्ययनरत सामुदायिक दुई र संस्थागत दुई गरी जम्मा ४० जना विद्यार्थीहरूमा गरिएको उखानटुक्का प्रयोग क्षमताको अधययनलाई विभिन्न आधारमा मूल्याङ्कन गरी चार श्रेणी निर्धारण गरिएको छ । जसमा ०-२५, २६-३५, ३६-४०, ४० देखि माथि गरी चार श्रेणी निर्धारण गरी उत्तरपुस्तिका परीक्षण गरी त्यही परीक्षणबाट आएको परिणामलाई प्रतिशताङ्क मध्यमान र मानक विचलनका आधारमा यसरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ५.१.१ प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता

समग्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन विश्लेषण गर्ने क्रममा छनोट गरिएका ४० जना विद्यार्थीहरूलाई आधार मानी तथ्याङ्क सङ्कलन गरिएको छ । समग्रमा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्कलाई यसप्रकार उल्लेख गरी विश्लेषण गरिएको छ ।

### तालिका १


### समग्र विद्यार्थीको उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्क

| वि.सं. | ०-२५ | | २६-३५ | | ३६-४० | | ४० भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | १ | २.५ | ७ | १७.५ | १० | २५ | २२ | ५५ |

यस तालिकाको तथ्याङ्कलाई अध्ययन गर्दा ० देखि २५ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २.५ प्रतिशत रहेको छ भने २६-३५ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १७.५ प्रतिशत रहेको छ । त्यस्तै ३६-४० सम्मको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १० (२५ प्रतिशत) रहेको छ भने ४१ देखि माथि अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या २२ (५५ प्रतिशत) रहेको छ ।

### चित्र १

### समग्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्क





यस तथ्याङ्कलाई हेर्दा निम्नस्तरको उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरू २.५ प्रतिशत मध्यमस्तरको क्षमता भएका विद्यार्थीहरू १७.५ प्रतिशत उच्च स्तरको क्षमता

भएका विद्यार्थीहरू २५ प्रतिशत र अति उच्चस्तरको क्षमता भएका विद्यार्थीहरू ५५ प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा निम्न र मध्यमस्तर भएका विद्यार्थी ज्यादै कम देखिन्छ । उच्चस्तर र अतिउच्चस्तर उखानटुक्का प्रयोग क्षमता भएका सङ्ख्या बढी भएकाले विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

चित्र २

**समग्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको वृत्तचित्र**




माथि समग्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमतालाई वृत्तचित्रमा प्रस्तुत गरिएको छ । जसमा ०-२५ अङ्क ल्याउने २.५ प्रतिशत विद्यार्थीहरूलाई डिग्रीमा रूपान्तर गरी ९° र २६-३५ सम्म अङ्क ल्याउनेलाई १७.५ प्रतिशत विद्यार्थीलाई ६३° निकालिएको छ । त्यसैगरी ३६-४० सम्म अङ्क ल्याउने २५ प्रतिशत विद्यार्थीलाई ९०° र ४१ देखि माथि अङ्क ल्याउने ५५ प्रतिशत विद्यार्थीलाई १९८° मा रूपान्तरण गरेर देखाइएको छ । उक्त वृत्तमा ४१ देखि माथि ल्याउने विद्यार्थी सबैभन्दा बढी र अन्य श्रेणीका कम विद्यार्थी भएकाले समग्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता अतिउच्चस्तरको रहेको देखिन्छ ।

### ५.१.२ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता

विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा पनि गर्नु आवश्यक भएकाले यहाँ मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

तालिका २

**मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | ३९.९२ | ५.८४ | २४ | ६० | १६ | ४० |

उपर्युक्त तालिकाअनुसार नमुना छनोटमा परेका ४० जना विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कका आधारमा मध्यमान ३९.९२ र समग्र प्राप्ताङ्कको मानक विचलन ५.८४ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा माथि उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २४ जना अर्थात् ६० प्रतिशत रहेको पाइन्छ । मध्यमानभन्दा तल प्राप्ताङ्क भएका विद्यार्थीहरूको सङ्ख्या १६ जना ४० प्रतिशत रहेको छ ।

माथिको तालिकामा समग्र मानक विचलन ५.८४ रहेको छ । यसरी हेर्दा ३९.९२ मध्यमान रहेको विद्यार्थी प्राप्ताङ्कमा मानक विचलन ५.८४ देखिनुले विद्यार्थीको प्राप्ताङ्कमा न्यून भिन्नता रहेको छ ।

## ५.२ निष्कर्ष

यस अध्यायमा काठमाडौँ जिल्लाका कक्षा दशमा अध्ययनरत समग्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको विश्लेषण गरिएको छ । समग्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताका आधारमा निम्न श्रेणी २५ मध्यम श्रेणी मापन गरिएको २६ देखि ३५, उच्च श्रेणी निर्धारण गरिएको ३६-४० अति उच्च, ४१ देखि माथि गरिएकोमा ४१ देखि माथि अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या बढी रहेकाले समग्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता अति उच्च रहेको छ ।

# अध्याय छ

## विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता

विद्यालयको प्रकृतिका आधारमा पनि विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तुलना गर्न आवश्यक छ । यहाँ २ सामुदायिक विद्यालय र २ संस्थागत विद्यालयका जम्मा ४० जना विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । जसमा २०/२० जना विद्यार्थी रहेका छन् । यस क्रममा सुरुमा ती विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको छुट्टाछुट्टै अध्ययन गरी त्यसपछि ती दुई प्रकृतिका विद्यालयका विद्यार्थीको उखानटुक्का प्रयोग क्षमताको तुलनासमेत गरिएको छ ।

### ६.१ सामुदायिक विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता

यस शीर्षकमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन विश्लेषण गरिएको छ ।

#### ६.१.१ प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता

यस उपशीर्षकमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन विश्लेषण गरिएको छ । ती विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्कलाई प्रतिशतको आधारमा प्रस्तुत गरी निम्नानुसार विश्लेषण गरिएको छ :

तालिका ३


सामुदायिक विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्क

| वि.सं. | ०-२५ | | २६-३५ | | ३६-४० | | ४० भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २० | ० | ० | ५ | २५ | ५ | २५ | १० | ५० |

प्रस्तुत तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका २० जना विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन गर्दा ० देखि २५ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ० (० प्रतिशत) रहेको छ । २६ देखि ३५ सम्म अङ्क प्राप्त गर्नेहरूको सङ्ख्या ५ (२५ प्रतिशत) रहेको छ । त्यसैगरी ३६-४० सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ५ (२५ प्रतिशत) रहेको छ भने ४१ देखि माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १० (५० प्रतिशत) रहेको छ ।

**चित्र ३**

**सामुदायिक विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्क**




प्रस्तुत तथ्याङ्कलाई हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूमध्ये निम्नस्तर उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरू ० प्रतिशत, मध्यमस्तरको क्षमता भएका विद्यार्थीहरूको ५ जना (२५ प्रतिशत) र उच्चस्तरको क्षमता भएका ५ जना (२५ प्रतिशत), अतिउच्चस्तर क्षमता भएका विद्यार्थीहरू १० जना (५० प्रतिशत) रहेको छ । यसरी हेर्दा निम्नस्तर भएका कुनै पनि छैनन् र मध्यम र उच्चस्तर भएका बराबर छन् । अति उच्चस्तर क्षमता भएका विद्यार्थीहरूको प्रतिशत ५० रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

### ६.१.२ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता

काठमाडौँ जिल्लाका कक्षा दशमा अध्ययनरत सामुदायिक विद्यालयका विद्यार्थीको उखानटुक्का प्रयोग क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्कलाई यसरी तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ४


**मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्क**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २० | ३९.७ | ५.२० | ११ | ५५ | ९ | ४५ |

उपर्युक्त तालिकाअनुसार नमुना छनोटमा परेका २ सामुदायिक विद्यालयका १०/१० जनाका दरले जम्मा २० जना विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको आधारमा मध्यमान ३९.७ र मानक विचलन ५.२० रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा माथि प्राप्ताङ्क भएका विद्यार्थीको सङ्ख्या ११ जना अर्थात् ५५ प्रतिशत रहेको पाइन्छ भने मध्यमानभन्दा तल प्राप्ताङ्क भएको विद्यार्थीहरूको सङ्ख्या ९ अथवा ४५ प्रतिशत रहेको देखिन्छ । मध्यमानभन्दा माथि उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थी सङ्ख्या धेरै र मध्यमानभन्दा तल उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थी सङ्ख्या थोरै हुनाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता राम्रो रहेको छ ।

चित्र ४

मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्क




प्रस्तुत तथ्याङ्कमा प्रतिनिधि नमुनामा परेका २० जना संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या ११ (५५ प्रतिशत) र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ९ ( ४५ प्रतिशत) रहेको छ । यस दृष्टिले संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको मानक विचलन ५.२० रहेको छ । एक विद्यार्थीको प्राप्ताङ्कदेखि अर्को विद्यार्थी दुरी वा फैलावट कम रहेकाले मानक विचलनका दृष्टिले पनि संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का क्षमता राम्रो रहेको पाइन्छ ।

## ६.२ संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता

यस उपशीर्षकमा संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन विश्लेषण गरिएको छ ।

### ६.२.१ प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता

यस उपशीर्षकमा संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन विश्लेषण गरिएको छ । ती विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्कलाई प्रतिशतको आधारमा प्रस्तुत गरी निम्नानुसार विश्लेषण गरिएको छ :

**तालिका ५**


**संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्क**

| वि.सं. | ०-२५ | | २६-३५ | | ३६-४० | | ४० भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २० | १ | ५ | ३ | १५ | ४ | २० | १२ | ६० |

प्रस्तुत तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका २० जना विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन गर्दा ० देखि २५ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १ (५ प्रतिशत) रहेको छ । २६ देखि ३५ सम्म अङ्क प्राप्त गर्नेहरूको सङ्ख्या ३ (१५ प्रतिशत) रहेको छ । त्यसैगरी ३६-४० सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४ (२० प्रतिशत) रहेको छ भने ४१ देखि माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १२ (६० प्रतिशत) रहेको छ ।

चित्र ५

संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्क




प्रस्तुत तथ्याङ्कलाई हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूमध्ये निम्नस्तर उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरू ५ प्रतिशत, मध्यमस्तरको क्षमता भएका विद्यार्थीहरूको १५ प्रतिशत) र उच्चस्तरको क्षमता भएका २० प्रतिशत, अति उच्चस्तर क्षमता भएका विद्यार्थीष्हरू ६० प्रतिशत रहेको छ । यसरी हेर्दा निम्न र मध्यमस्तर क्षमता भएका विद्यार्थीहरूको प्रतिशत कमै र अति उच्चस्तरको क्षमता भएका विद्यार्थीहरूको प्रतिशत अत्यधिक ८० प्रतिशत भएकोले संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

### ६.२.२ मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता

काठमाडौँ जिल्लाका कक्षा दशमा अध्ययनरत संस्थागत विद्यालयका विद्यार्थीको उखानटुक्का प्रयोग क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्कलाई यसरी तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६


**मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्क**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २० | ४० | ६.४२ | १३ | ६५ | ७ | ३५ |

उपर्युक्त तालिकाअनुसार नमुना छनोटमा परेका २ संस्थागत विद्यालयका १०/१० जनाका दरले जम्मा २० जना विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको आधारमा मध्यमान ४० र मानक विचलन ६.४२ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा माथि प्राप्ताङ्क भएका विद्यार्थीको सङ्ख्या १३ जना अर्थात् ६५ प्रतिशत रहेको पाइन्छ भने मध्यमानभन्दा तल प्राप्ताङ्क भएको विद्यार्थीहरूको सङ्ख्या ७ अथवा ३५ प्रतिशत रहेको देखिन्छ । मध्यमानभन्दा माथि उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थी सङ्ख्या धेरै र मध्यमानभन्दा तल उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थी सङ्ख्या थोरै हुनाले संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता राम्रो रहेको छ ।

चित्र ६

मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता




प्रस्तुत तथ्याङ्कमा प्रतिनिधि नमुनामा परेका २० जना संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या ७ (४४ प्रतिशत) र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १३ (६५ प्रतिशत) रहेको छ । यस दृष्टिले संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको मानक विचलन ६.४२ रहेको छ । एक विद्यार्थीको प्राप्ताङ्कदेखि अर्को विद्यार्थी दुरी वा फैलावट कम रहेकाले मानक विचलनका दृष्टिले पनि संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का क्षमता राम्रो रहेको पाइन्छ ।

## ६.३ प्रतिशतका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तुलना

यस उपशीर्षकमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ । सामुदायिक र संस्थागत

विद्यालयका आधारमा विद्यार्थीहरूले उखानटुक्का प्रयोग क्षमताको तुलनात्मक तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी निम्नानुसार विश्लेषण गरिएको छ :

तालिका ७


सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्क

| वि.सं. | ०-२५ | | २६-३५ | | ३६-४० | | ४० भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २० | ० | ० | ५ | २५ | ५ | २५ | १० | ५० |
| संस्थागत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २० | १ | ५ | ३ | १५ | ४ | २० | १२ | ६० |

प्रस्तुत तालिकाअनुसार समग्र विद्यार्थीहरूमध्ये ० देखि २५ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने उखानटुक्का प्रयोग क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १ (५ प्रतिशत) रहेको छ । २६ देखि ३५ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ५ (२५ प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ३ (१५ प्रतिशत) रहेको छ । त्यस्तै ३६ देखि ४० सम्म अङ्क प्राप्त गर्ने सामुदायिक ५ (२५ प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ४ (२० प्रतिशत रहेको छ । ४० देखि माथि अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १० (५० प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १२ ( ६० प्रतिशत) रहेको छ ।

चित्र ७

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्क




प्रस्तुत तथ्याङ्कलाई अध्ययन गर्दा निम्नस्तरको उखानटुक्का प्रयोग क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू ० प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरू ५ प्रतिशत रहेको हुनाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता राम्रो रहेको छ । मध्यम स्तरको क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू २५ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरू १५ प्रतिशत रहेको छ । यसरी मध्यमस्तरको क्षमता तुलना गर्दा संस्थागत विद्यालयको विद्यार्थीहरूभन्दा ५ प्रतिशतले सामुदायिक विद्यालयका बढी भएको देखिन्छ । त्यस्तैगरी उच्च स्तरको क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू २५ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरूको २० प्रतिशत रहेको देखिन्छ । यसरी हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता अझ राम्रो रहेको छ भने अति उच्चस्तरको उखानटुक्का प्रयोग क्षमताको तुलना गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरू ५० प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरू ६० प्रतिशत रहेको देखिन्छ । समग्रमा हेर्दा सामुदायिक विद्यालयको विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता राम्रो रहेको छ ।

## ६.४ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तुलना

यस उपशीर्षकमा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्कलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका ८**

**मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तुलना**

| वि.सं. | मानक | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|---|
| | मध्यमान | ३९.७ | ४० |
| ४० | मानक विचलन | ५.२० | ६.४३ |

प्रस्तुत तालिकाअनुसार समग्र विद्यार्थीहरूको सङ्ख्या ४० जना रहेकोमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको मध्यमान ३९.७ रहेको छ भने संस्थागत विद्यालयतर्फको मध्यमान ४० रहेको छ । सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थीहरूको उखानटुक्का क्षमताको मध्यमानलाई आधार मानेर हेर्दा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयको विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता राम्रो रहेको छ ।

# अध्याय सात

# लैङ्गिकताका आधारमा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तुलनात्मक अध्ययन

प्रस्तुत अध्यायमा लैङ्गिकताका आधारमा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यस क्रममा २० जना छात्र र २० जना छात्राहरूको उखानटुक्का प्रयोग क्षमतालाई तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ । सुरुमा छात्र र छात्राहरूको छुट्टाछुट्टै अध्ययन गरिसकेपछि अन्त्यमा तुलनात्मक अध्ययन विश्लेषण पनि गरिएको छ ।

## ७.१ छात्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता

यस उपशीर्षकमा छात्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन विश्लेषण गरिएको छ ।

### ७.१.१ प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन

यस उपशीर्षकमा छात्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन विश्लेषण गरिएको छ । ती विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्कलाई प्रतिशतको आधारमा प्रस्तुत गरी निम्नानुसार विश्लेषण गरिएको छ :

तालिका ९

छात्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्क


| वि.सं. | ०-२५ | | २६-३५ | | ३६-४० | | ४० भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २० | १ | ५ | ३ | १५ | ६ | ३० | १० | ५० |

प्रस्तुत तालिकाअनुसार तथ्याङ्कलाई अध्ययन गर्दा ० देखि २५ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १ (५ प्रतिशत) रहेको छ । २६ देखि ३५ सम्म अङ्क प्राप्त

गर्नेहरूको सङ्ख्या ३ (१५ प्रतिशत) रहेको छ । त्यसैगरी ३६-४० सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ६ (३० प्रतिशत) रहेको छ भने ४१ देखि माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १० (५० प्रतिशत) रहेको छ ।

**चित्र ८**

**छात्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्क**




प्रस्तुत तथ्याङ्कलाई हेर्दा निम्नस्तरको उखानटुक्का प्रयोग क्षमता भएका छात्रहरूको सङ्ख्या १ (५ प्रतिशत), मध्यमस्तरको क्षमता भएका छात्रहरूको सङ्ख्या १५ प्रतिशत, उच्चस्तरको क्षमता भएका छात्रहरूको सङ्ख्या ६ (३० प्रतिशत), अति उच्चस्तरको क्षमता भएका छात्रहरूको सङ्ख्या १० जना (५० प्रतिशत) रहेको छ । यसरी हेर्दा निम्न र मध्यमस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २० प्रतिशत र उच्च तथा अति उच्चस्तरको क्षमता भएका छात्रहरू ८० प्रतिशत अर्थात् अत्यधिक देखिएकाले छात्रहरूको उखानटुक्को प्रयोग क्षमता राम्रो रहेको पाइन्छ ।

### ७.१.२ मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता

काठमाडौँ जिल्लाका कक्षा दशमा अध्ययनरत छात्र विद्यार्थीको उखानटुक्का प्रयोग क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्कलाई यसरी तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १०


**मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्क**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २० | ४०.३५ | ५.९१ | १२ | ७० | ८ | ३० |

उपर्युक्त तालिकाअनुसार नमुना छनोटमा परेका २० जना छात्र विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको आधारमा मध्यमान ४०.३५ र मानक विचलन ५.९१ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा माथि प्राप्ताङ्क भएका विद्यार्थीको सङ्ख्या १२ जना अर्थात् ७० प्रतिशत रहेको पाइन्छ भने मध्यमानभन्दा तल प्राप्ताङ्क भएको विद्यार्थीहरूको सङ्ख्या ८ अथवा १० प्रतिशत रहेको देखिन्छ । मध्यमानभन्दा माथि उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थी सङ्ख्या धेरै र मध्यमानभन्दा तल उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थी सङ्ख्या थोरै हुनाले छात्रका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता राम्रो रहेको छ ।

चित्र ९

मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्क




प्रस्तुत तथ्याङ्कमा प्रतिनिधि नमुनामा परेका २० जना छात्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या १२ (७० प्रतिशत) र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ८ (१० प्रतिशत) रहेको छ । यस दृष्टिले छात्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको मानक विचलन ५.९१ रहेको छ ।

## ७.२ छात्रा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता

यस उपशीर्षकमा छात्रा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन विश्लेषण गरिएको छ ।

### ७.२.१ प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन

यस उपशीर्षकमा छात्रा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन विश्लेषण गरिएको छ । ती विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्कलाई प्रतिशतको आधारमा प्रस्तुत गरी निम्नानुसार विश्लेषण गरिएको छ :

तालिका ११


छात्रा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्क

| वि.सं. | ०–२५ | | २६–३५ | | ३६–४० | | ४० भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २० | ० | ० | ५ | २५ | ३ | १५ | १२ | ६० |

प्रस्तुत तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका २० जना विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन गर्दा ० देखि २५ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ० (० प्रतिशत) रहेको छ। २६ देखि ३५ सम्म अङ्क प्राप्त गर्नेहरूको सङ्ख्या ५ (२५ प्रतिशत) रहेको छ। त्यसैगरी ३६-४० सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३ (१५ प्रतिशत) रहेको छ भने ४१ देखि माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १२ (६० प्रतिशत) रहेको छ।

चित्र १०

छात्रा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्क



प्रस्तुत तथ्याङ्कलाई हेर्दा छात्रा विद्यार्थीहरूमध्ये निम्नस्तर उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरू ० (० प्रतिशत), मध्यमस्तरको क्षमता भएका विद्यार्थीहरूको ५ ( २५ प्रतिशत) र उच्चस्तरको क्षमता भएका १५ प्रतिशत, अति उच्चस्तर क्षमता भएका विद्यार्थीहरू १२ (६० प्रतिशत) रहेको छ । यसरी हेर्दा निम्न र मध्यमस्तर अङ्क प्राप्त गर्ने छात्राहरू २५ प्रतिशत र उच्च तथा अति उच्चस्तरको क्षमता भएका छात्राहरू ७५ प्रतिशत रहेकाले छात्राहरूको उखानटुक्का प्रयोग क्षमता राम्रो रहेको छ ।

### ७.२.२ मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता

काठमाडौँ जिल्लाका कक्षा दशमा अध्ययनरत छात्रा विद्यार्थीको उखानटुक्का प्रयोग क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्कलाई यसरी तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १२

मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्क


| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २० | ४१.३५ | ५.९३ | ११ | ५५ | ९ | ४५ |

उपर्युक्त तालिकाअनुसार नमुना छनोटमा परेका जम्मा २० जना छात्रा विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको आधारमा मध्यमान ४१.३५ र मानक विचलन ५.९३ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा माथि प्राप्ताङ्क भएका विद्यार्थीको सङ्ख्या ११ जना अर्थात् ५५ प्रतिशत रहेको पाइन्छ भने मध्यमानभन्दा तल प्राप्ताङ्क भएको विद्यार्थीहरूको सङ्ख्या ९ अथवा ४५ प्रतिशत रहेको देखिन्छ । मध्यमानभन्दा माथि उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थी सङ्ख्या धेरै र मध्यमानभन्दा तल उखानटुक्का

प्रयोग क्षमता भएका विद्यार्थी सङ्ख्या थोरै हुनाले छात्रा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता राम्रो रहेको छ ।

चित्र ११

**मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता**




प्रस्तुत तालिकाको तथ्याङ्कको अध्ययन गर्दा छात्राहरूको उखानटुक्का प्रयोग क्षमताको मध्यमान ४१.३५ रहेको छ । मानक विचलन ५.९३ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या ११ (५५ प्रतिशत) रहेको छ भने मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने सङ्ख्या ९ (४५ प्रतिशत) रहेको छ । यसरी हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने छात्रको सङ्ख्या ११ जना (५५ प्रतिशत) रहेकाले छात्राहरूको उखानटुक्का प्रयोग क्षमता कमै रहेको छ । त्यसैगरी छात्रहरूको मानक विचलन ५.९३ रहेको छ । यसका दृष्टिले पनि छात्राहरूको उखानटुक्का प्रयोग क्षमताको प्राप्ताङ्क बिचको अन्तर अथवा फैलावट बढी नै रहेको छ ।

## ७.३ प्रतिशतका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तुलना

यस उपशीर्षकमा छात्र र छात्रा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ । छात्र र छात्राका आधारमा विद्यार्थीहरूले उखानटुक्का प्रयोग क्षमताको तुलनात्मक तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी निम्नानुसार विश्लेषण गरिएको छ :

**तालिका १३**


**छात्र र छात्रा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्क**

| वि.सं. | ०–२५ | | २६–३५ | | ३६–४० | | ४० भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| छात्र | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २० | १ | ५ | ३ | १५ | ६ | ३० | १० | ५० |
| छात्रा | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २० | ० | ० | ५ | २५ | ३ | १५ | १२ | ६० |

प्रस्तुत तालिकाअनुसार समग्र विद्यार्थीहरूमध्ये ० देखि २५ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने उखानटुक्का प्रयोग क्षमता भएका छात्र विद्यार्थीहरूको सङ्ख्या १ (५ प्रतिशत) रहेको छ । २६ देखि ३५ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने छात्रका विद्यार्थीहरूको सङ्ख्या ३ (१५ प्रतिशत) रहेको छ भने छात्रा विद्यार्थीहरूको सङ्ख्या ६ (३० प्रतिशत) रहेको छ । त्यस्तै ३६ देखि ४० सम्म अङ्क प्राप्त गर्ने सामुदायिक १० (५० प्रतिशत) रहेको छ भने छात्रा विद्यार्थीहरूमध्ये ० देखि २५ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने उखानटुक्का प्रयोग क्षमता भएका छात्राका विद्यार्थीहरूको सङ्ख्या ० (० प्रतिशत) रहेको छ । २६ देखि ३५ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने छात्रका विद्यार्थीहरूको सङ्ख्या ५ (२५ प्रतिशत) रहेको छ भने छात्रा विद्यार्थीहरूको सङ्ख्या ३ (१५ प्रतिशत) रहेको छ । त्यस्तै ३६ देखि ४० सम्म अङ्क प्राप्त गर्ने सामुदायिक १२ (६० प्रतिशत) रहेको छ ।

चित्र १२

छात्र र छात्रा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्क




प्रस्तुत तथ्याङ्कलाई अध्ययन गर्दा निम्नस्तर क्षमता भएका छात्रहरू १ (५ प्रतिशत) रहेका छन् भने छात्राहरू ० (० प्रतिशत) रहेका छन् । यसरी हेर्दा छात्रहरूको उखानटुक्का प्रयोग क्षमताभन्दा छात्राहरूको क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी मध्यमस्तरको उखानटुक्का प्रयोग क्षमता भएका छात्रहरू ३ (१५ प्रतिशत) रहेको छ भने छात्राहरू ५ (२५ प्रतिशत) रहेकाले छात्रहरूको तुलनामा छात्रहरूको १० प्रतिशतले बढी रहेको छ । त्यस्तैगरी उच्चस्तरको क्षमता भएका छात्रहरू ६ (३० प्रतिशत) रहेका छन् भने छात्राहरू ३ (१५ प्रतिशत) रहेका छन् । यसरी हेर्दा उक्त विद्यार्थीहरूमध्ये छात्रहरूको क्षमता राम्रो रहेको छ । त्यसैगरी अतिउच्च क्षमता भएका छात्रहरू १० (५० प्रतिशत) र छात्राहरू १२ (६० प्रतिशत) रहेकाले छात्राहरूको क्षमता छात्रहरूको भन्दा उच्च रहेको छ ।

## ७.४ मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तुलना

यस उपशीर्षकमा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तथ्याङ्कलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

तालिका १४

**मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तुलना**

| वि.सं. | मानक | छात्र | छात्रा |
|---|---|---|---|
| | मध्यमान | ४०.३५ | ४१.३५ |
| ४० | मानक विचलन | ५.९१ | ५.९३ |

प्रस्तुत तालिकाअनुसार समग्र विद्यार्थीहरूको सङ्ख्या ४० जना रहेकोमा छात्रका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको मध्यमान ४०.३५ रहेको छ भने छात्रातर्फको मध्यमान ४१.३५ रहेको छ । छात्र र छात्राको विद्यार्थीहरूको उखानटुक्का क्षमताको मध्यमानलाई आधार मानेर हेर्दा छात्रभन्दा छात्राको विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता राम्रो रहेको छ ।

# अध्याय आठ

# सारांश, निष्कर्ष र उपयोगिता

## ८.१ सारांश

प्रस्तुत शोधकार्य माध्यमिक तहका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमतामा केन्द्रित रहेको छ । यस शोधकार्यलाई आठओटा अध्यायमा विभाजन गरिएको छ । प्रत्येक अध्यायलाई विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ ।

अध्याय एकमा शोधको परिचय शीर्षकअन्तर्गत अध्ययनको उद्देश्य, अध्ययनको पृष्ठभूमि, समस्याकथन, अध्ययनको उद्देश्य, शोधकार्यको औचित्य/उपयोगिता, शोधको सीमाङ्कन उपशीर्षकहरूमा विभाजन गरिएको छ । पृष्ठभूमिअन्तर्गत शोधशीर्षकलाई चिनाउने क्रममा उखानटुक्काको बारेमा चिनारी दिएको छ । लोकजीवनमा चलिआएका सारपूर्ण कथन वा लोकोक्तिलाई उखानटुक्का भनिन्छ जसले विशेष अर्थ वा सन्देश दिन्छ । काठमाडौँ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमतालाई लैङ्गिकता र विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको तुलनात्मक अध्ययनलाई मूल समस्या बनाई प्रस्तुत शोधकार्यलाई अगाडि बढाइएको छ । यस्ता विभिन्न समस्यासँग सम्बन्धित उक्त कक्षा दशका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता पत्ता लगाउने र उनीहरूमा रहेको समस्या पत्ता लगाई ती समस्याहरूको समाधान गर्ने उद्देश्य राखिएको कुरा यस अध्यायमा उल्लेख गरिएको छ । प्रस्तुत शीर्षकमा यसअघि काठमाडौँ जिल्लामा शोधअध्ययन नभएकाले प्रस्तुत शोधकार्य महत्त्वपूर्ण तथा औचित्यपूर्ण भएको कुरा उल्लेख गरिएको छ । अध्ययनको क्षेत्रका रूपमा काठमाडौँ जिल्लालाई लिइएको छ । काठमाडौँ जिल्लामा कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूलाई जनसङ्ख्या मानिएको छ । जसमा सामुदायिक विद्यालयका २ र संस्थागत विद्यालयका २ गरी जम्मा ४ ओटा विद्यालयका ४० जना विद्यार्थीहरूमा मात्र सीमित गरिएको छ । शोधपत्रको रूपरेखाअन्तर्गत अध्याय एकमा शोधपरिचय, अध्याय दुईमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचय, अध्याय तीनमा अध्ययन विधि र प्रक्रिया, अध्याय चारमा उखानटुक्काको सङ्कलन र विभिन्न आधारमा वर्गीकरण, अध्याय पाँचमा समग्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन,

अध्याय छ, ७ र ८ मा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तुलनात्मक अधययन विश्लेषण क्रमशः लैङ्गिकताका आधारमा, विद्यालयका प्रकृतिका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ र अन्तिम अध्याय आठमा सारांश, निष्कर्ष र उपयोगितालाई प्रस्तुत गरिएको कुरा उल्लेख छ ।

अध्याय दुईमा पूर्वकार्यको समीक्षा शीर्षकअन्तर्गत पुस्तक समीक्षा र शोध समीक्षालाई छुट्टाछुट्टै अध्ययन गरिएको छ । सैद्धान्तिक परिचय अन्तर्गत उखानटुक्काको परिचय, उखानटुक्काको उपयोगिता आदिलाई विस्तृत रूपमा उल्लेख गरिएको छ ।

अध्याय तीनको शीर्षक अध्ययन विधि र प्रक्रिया रहेको छ । प्रस्तुत शोध अध्ययनका क्रममा प्रयोगमा ल्याइएका विधि तथा प्रक्रियाअन्तर्गत जनसङ्ख्याको पहिचानअनुसार नमुना छनोट सामग्री सङ्कलन प्राथमिक र द्वितीयक स्रोत, तथ्याङ्क सङ्कलन र विश्लेषणलाई उपशीर्षकहरूमा उल्लेख गरिएको छ ।

अध्याय चारको शीर्षकमा उखान र टुक्काहरूलााई विभिन्न आधारमा वर्गीकरण र संरचना केलाइएको छ ।

अध्याय पाँचको शीर्षक समग्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन रहेको छ । समग्र विद्यार्थीहरूको मध्यमान र मानक विचलनका आधारमा उखानटुक्का प्रयोग क्षमता उल्लेख गरी विश्लेषणसमेत गरिएको छ । समग्रमा हेर्दा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता राम्रो रहेको कुरा उल्लेख गरिएको छ ।

अध्याय छको शीर्षक विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको उललेख गरिएको छ । मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन विश्लेषण गरिएको छ । उक्त अध्ययनका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना गर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता राम्रो रहेको कुरा उल्लेख गरिएको छ ।

अध्याय सातको शीर्षक लैङ्गिकताका आधारमा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन रहेको छ । जसअन्तर्गत छात्र र छात्राहरूको उखानटुक्का प्रयोग क्षमताको

तुलनात्मक अध्ययन गरिएको छ । मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राको उखानटुक्का प्रयोग क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यसरी गरिएको अध्ययनमा छात्राभन्दा छात्रको उखानटुक्का प्रयोग क्षमता राम्रो रहेको कुरा उल्लेख गरिएको छ । अध्याय आठको शीर्षक सारांश, निष्कर्ष र उपयोगिता रहेका छन् । यस शीर्षकअन्तर्गत सबै अध्यायका कुराहरूलाई सङ्क्षिप्त रूपमा उल्लेख गरिएको छ । त्यसैगरी शोध अध्ययनबाट प्राप्त निष्कर्षको बुँदागत रूपमा प्रस्तुत गरिएको छ । प्रस्तुत शोधकार्यका उपयोगिताहरूलाई नीतिगत र प्रयोगगत गरी छुट्टाछुट्टै रूपमा उल्लेख गरिएको छ ।

प्रस्तुत अध्यायको अन्त्यमा परिशिष्ट खण्ड रहेको छ । यसअन्तर्गत प्रतिनिधि नमुना छनोटमा परेका विद्यार्थीहरूको नामावली, जनसङ्ख्या, छनोटमा परेका विद्यार्थीहरूको नाम र प्राप्ताङ्क सबैभन्दा राम्रो मध्यम र सबैभन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको प्रश्नपत्रमा लेखेका उत्तरपुस्तिका समावेश गरिएको छ । अन्त्यमा सन्दर्भसामग्री सूची र परिशिष्ट राखिएको छ ।

## ८.२ निष्कर्ष

माध्यमिक तहका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमतासम्बन्धी प्रस्तुत शोध अध्ययनबाट निम्नलिखित निष्कर्षहरू प्राप्त भएका छन् :

- समग्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको विश्लेषण गर्दा उच्चस्तर अति उच्चस्तरको उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरू ८० प्रतिशत रहेकाले उनीहरूको उखानटुक्का प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।
- समग्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको मध्यमानका आधारमा हेर्दा मध्यमानभन्दा माथि ६० प्रतिशत र मध्यमानभन्दा तल ४० प्रतिशत विद्यार्थीहरू देखिनुले समग्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।
- छात्र विद्यार्थीहरूको उच्चस्तर तथा अतिउच्चस्तरको उखानटुक्का प्रयोग क्षमता ८० र छात्रा विद्यार्थीहरूको ७५ प्रतिशत रहेको छ । तुलनात्मक रूपमा छात्रको उखानटुक्का प्रयोग क्षमता बढी रहेपनि समग्रमा छात्रछात्रा दुवै विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता राम्रो देखिन्छ ।

- छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको मध्यमान ४०.३५ रहेको छ र छात्राको ४१.३५ रहेको छ । तुलनात्मक रूपमा छात्राको उखानटुक्का प्रयोग क्षमता बढी रहेपनि दुवैको प्राप्ताङ्कको अन्तर बढी नै रहेको छ ।
- सामुदायिक विद्यालयका उच्च र अतिउच्चस्तरको उखानटुक्का क्षमता भएका विद्यार्थीहरू ७५ प्रतिशत र संस्थागततर्फ ८० प्रतिशत रहेको छ । तुलनात्मक रूपमा सामुदायिक विद्यालयको विद्यार्थीहरूभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता बढी रहे पनि दुवैको उखानटुक्का प्रयोग क्षमता राम्रो देखिन्छ ।
- सामुदायिक विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको मध्यमान ३९.७ रहेको र संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको मध्यमान ४० रहेको छ । तुलनात्मक रूपमा संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता बढी रहे तापनि दुवै विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।
- सामुदायिक विद्यालयका विद्यार्थीहरूको उखानटुक्का क्षमताको मानक विचलन ५.२० रहेकोमा संस्थागततर्फका विद्यार्थीहरूको ६.४२ रहेकाले सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कको अन्तर कम रहेको छ ।

## ८.३ उपयोगिता

कुनै पनि अध्ययन अनुसन्धानको आफ्नै किसिमको महत्त्व र उपयोगिता रहेको हुन्छ । प्रस्तुत शोध अध्ययन स्थानीय तहदेखि राष्ट्रिय तहसम्म महत्त्वपूर्ण हुन सक्छ । त्यसैले माध्यमिक तहका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको शीर्षकमा अध्ययन गरिएको प्रस्तुत शोधकार्यको उपयोगितालाई नीतिगत र प्रयोगगत गरी छुट्टाछुट्टै उल्लेख गरिएको छ :

### ८.३.१ नीतिगत तह

प्रस्तुत अध्ययनको नीतिगत उपयोगिता निम्नानुसार रहेका छन् :

- वर्तमान पाठ्यक्रम र पाठ्यपुस्तकका आधारमा काठमाडौँ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति थाहा पाई सोही आधारमा पाठ्यक्रम, पाठ्यपुस्तक र स्रोत सामग्री र सन्दर्भ सामग्री निर्माण गर्न,
- पाठ्यक्रम र पाठ्यपुस्तकमा कस्ता उखानटुक्काहरू राख्ने कुराहरू नीति निर्माणका माध्यमबाट कार्यान्वयन गर्न,
- प्रस्तुत अध्ययनबाट कक्षा दशको भाषा पाठ्यपुस्तकमा प्रयुक्त उखानटुक्काहरूको कठिनाइस्तर पत्ता लगाउन,
- वर्तमान समयमा सम्बन्धित निकायलाई पाठ्यपुस्तक निर्माण गर्दा क्षेत्र, लिङ्ग जस्ता कुरालाई ध्यानमा राखी उखानटुक्काको कठिनाइस्तरलाई ध्यानमा राखी पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गर्नुपर्ने कुरामा मार्गनिर्देशन गर्न ।

### ८.३.२ प्रयोगगत तह

प्रस्तुत शोधकार्यका व्यावहारिक उद्देश्य निम्नानुसार रहेका छन् :

- यस अध्ययनले नेपाली विषय शिक्षकलाई भाषा शिक्षण गर्दा विद्यार्थीहरूको क्षमताअनुकूल उखानटुक्काको प्रयोग गर्दै भाषा प्रयोग गर्न सचेत तुल्याउने,
- भाषा शिक्षकलाई उपयुक्त विधि प्रयोग गरी प्रभावकारी रूपमा शिक्षण गर्न सहयोग पुऱ्याउने,
- कक्षा दशमा नेपाली भाषा शिक्षण गर्दा शिक्षकलाई विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता पत्ता लगाई शिक्षण गर्न सहयोग पुऱ्याउने,
- भाषा शिक्षण गर्दा सामग्री निर्माण र प्रयोग गर्ने कुरामा यस अध्ययनले सघाउने,
- शिक्षक र विद्यार्थीहरूलाई भाषाको शिक्षण सिकाइका क्रममा पृष्ठपोषण प्रदान गरी शिक्षण गर्ने कुरामा सहायता गर्ने ।

# सन्दर्भसूची

ओझा, लक्ष्मी (२०७५), 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

गिरी, जीवेन्द्रदेव (२०५७), *लोकसाहित्यको अवलोकन,* काठमाडौँ : एकता प्रकाशन ।

ढुङ्गेल, इन्दिरा (२०७३), 'निम्न माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त उखानटुक्काको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

त्रिपाठी, सुधा, सुवेदी, धनप्रसाद, ज्ञवाली, रामप्रसाद (२०७४), *नेपाली कक्षा १०,* सानोठिमी : पाठ्यक्रम विकास केन्द्र ।

निरौला, सुमन (२०७५), 'महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

नेपाल, शोभा (२०६७), 'पाल्पा जिल्लाका माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको उखान प्रयोग क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पन्थी, लक्ष्मी (२०६५), 'गुल्मी जिल्लाका उखानटुक्काको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पराजुली, कृष्णप्रसाद (२०३९), *नेपाली उखान र गाउँखाने कथा,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पोखरेल, बालकृष्ण (२०४०), (सम्पा.) *नेपाली बृहत् शब्दकोश,* (सा.सं), काठमाडौँ : नेपाल प्रज्ञा पतिष्ठान ।

पौड्याल, शिवप्रसाद (२०६१), *नेपाली टुक्काहरूको सर्वेक्षण र विश्लेषण,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पौड्याल, शिवप्रसाद (२०६९), *नेपाली उखान सङ्ग्रह,* ललितपुर : साझा प्रकाशन ।

प्याकुरेल, सुविना (२०६९), 'काभ्रे जिल्लाका माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

बन्धु, चूडामणि र खगेन्द्रप्रसाद लुइटेल (२०६१), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई रामप्रसाद, (२०७३), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि. ।

भण्डारी, गङ्गाराम (२०६५), 'निम्न माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका उखान टुक्काको पहिचान र प्रयोग क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

यादव, भरोसी (२०७४), 'गोरखा जिल्लामा कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

लुइटेल, गुणराज र गौतम, ध्रुवराज (२०७५), *शैक्षिक नेपाली व्याकरण,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

शर्मा, शारदा (२०६२), 'संखुवासभा जिल्लामा प्रचलित उखानको सङ्कलन वर्गीकरण र विश्लेषण', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

हमाल, मुना (२०७३), 'कक्षा ११ को ऐच्छिक नेपाली पाठ्यपुस्तकमा प्रयुक्त उखानको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, नेपालगञ्ज बाँके ।

## परिशिष्ट (क)

## छनोटमा परेका विद्यालयहरूको नामावली

१. मङ्गल माध्यमिक विद्यालय, कीर्तिपुर १०, काठमाडौँ

२. जनसेवा माध्यमिक विद्यालय, पाँगा, कीर्तिपुर ५, काठमाडौँ

३. बाघभैरव बोर्डिङ आवासीय माध्यमिक विद्यालय, नयाँबजार-९, काठमाडौँ

४. साम्तेन मेमोरियल एजुकेशन एकेडेमी, कपन-२, काठमाडौँ

# परिशिष्ट २

## छनोटमा परेका विद्यार्थीहरूको नामावली र प्राप्ताङ्क

(अ) समग्र विद्यार्थीहरूको नामावली

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|
| १. | भीमा थापा मगर | ४५ |
| २. | शुशान ओली | ४७ |
| ३. | राहुल रोका | ३१ |
| ४. | कमल राज न्यौपाने | ३६ |
| ५. | दिनेश अवस्थी | ४८ |
| ६. | अनुष्का बजगाइँ | ४३ |
| ७. | अस्मिता न्यौपाने | ४२ |
| ८. | प्रतीक्षा रेउले | ४२ |
| ९. | अनिल घर्ती | ४२ |
| १०. | ललिता उपाध्याय | ३० |
| ११. | उमेश उपाध्याय | ४० |
| १२. | विजेन श्रेष्ठ | ३८ |
| १३. | गजेन्द्र रोकाय | ३५ |
| १४. | सञ्जय सिंह | ४१ |

| | | |
|---|---|---|
| १५. | मदनराज जोशी | ४३ |
| १६. | सृजना महर्जन | ३१ |
| १७. | श्रेया महर्जन | ३३ |
| १८. | राधा शाह | ३७ |
| १९. | रक्षा पोखरेल | ३८ |
| २०. | शृषा तिमिल्सिना | ४२ |
| २१. | कुशल बस्नेत | ४० |
| २२. | पुष्पन मगर | ३८ |
| २३. | निश्चल रोका | ४२ |
| २४. | युनिषा तामाङ | ३३ |
| २५. | सञ्जु माझी | ४६ |
| २६. | पेमाडोमा शेर्पा | ३८ |
| २७. | कर्साङ शेर्पा | ४२ |
| २८. | पेमा शेर्पा | ४७ |
| २९. | सुदर्शन खड्का | ४५ |
| ३०. | रीजा खड्गी | ४५ |
| ३१. | सलीना महर्जन | ४८ |

| | | |
|---|---|---|
| ३२. | विनोद के.सी. | ३७ |
| ३३. | सुजता पूरी | ४७ |
| ३४. | सचिन पुरी | ४६ |
| ३५. | गणेश रोका | २३ |
| ३६. | सर्मीला श्रेष्ठ | ३१ |
| ३७. | सन्देश डङ्गोल | ३४ |
| ३८. | शीला शाह | ४७ |
| ३९. | शिशिर महर्जन | ४२ |
| ४०. | विना के.सी. | ४२ |

जम्मा प्राप्ताङ्क = १५९७

$$\overline{X} = \frac{\Sigma x}{N} = \frac{१५९७}{४०}$$

$$= ३९.९२$$

$$\sigma = \sqrt{\frac{\Sigma x^2}{N}}$$

$$= \sqrt{\frac{१३६७}{४०}}$$

$$= ५.८४$$

(आ) सामुदायिक विद्यालय

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|
| १. | भीमा थापा मगर | ४५ |
| २. | शुशान ओली | ४७ |
| ३. | राहुल रोका | ३१ |
| ४. | कमल राज न्यौपाने | ३६ |
| ५. | दिनेश अवस्थी | ४८ |
| ६. | अनुष्का बजगाइँ | ४३ |
| ७. | अस्मिता न्यौपाने | ४२ |
| ८. | प्रतीक्षा रेउले | ४२ |
| ९. | अनिल घर्ती | ४२ |
| १०. | ललिता उपाध्याय | ३० |
| ११. | उमेश उपाध्याय | ४० |
| १२. | विजेन श्रेष्ठ | ३८ |
| १३. | गजेन्द्र रोकाय | ३५ |
| १४. | सञ्जय सिंह | ४१ |
| १५. | मदनराज जोशी | ४३ |
| १६. | सृजना महर्जन | ३१ |

| | | |
|---|---|---|
| १७. | श्रेया महर्जन | ३३ |
| १८. | राधा शाह | ३७ |
| १९. | रक्षा पोखरेल | ३८ |
| २०. | शृषा तिमिल्सिना | ४२ |

जम्मा प्राप्ताङ्क = ७९४

$$\overline{X} = \frac{\Sigma x}{N} = \frac{७९४}{२०}$$

$$= ३९.७$$

$$\sigma = \sqrt{\frac{\Sigma x^2}{N}}$$

$$= \sqrt{\frac{५४२}{२०}}$$

$$= ५.२०$$

(इ) **संस्थागत विद्यालय**

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|
| १. | कुशल बस्नेत | ४० |
| २. | पुष्पन मगर | ३८ |
| ३. | निश्चल रोका | ४२ |
| ४. | युनिषा तामाङ | ३३ |
| ५. | सञ्जु माझी | ४६ |
| ६. | पेमाडोमा शेर्पा | ३८ |
| ७. | कर्साङ शेर्पा | ४२ |
| ८. | पेमा शेर्पा | ४७ |
| ९. | सुदर्शन खड्का | ४५ |
| १०. | रीजा खड्गी | ४५ |
| ११. | सलीना महर्जन | ४८ |
| १२. | विनोद के.सी. | ३७ |
| १३. | सुजता पूरी | ४७ |
| १४. | सचिन पुरी | ४६ |
| १५. | गणेश रोका | २३ |
| १६. | सर्मीला श्रेष्ठ | ३१ |

| | | |
|---|---|---|
| १७. | सन्देश डङ्गोल | ३४ |
| १८. | शीला शाह | ४७ |
| १९. | शिशिर महर्जन | ४२ |
| २०. | विना के.सी. | ४२ |

जम्मा प्राप्ताङ्क = ८००

$$\overline{X} = \frac{\Sigma x}{N} = \frac{८००}{४०}$$

$$= ४०$$

$$\sigma = \sqrt{\frac{\Sigma x^2}{N}}$$

$$= \sqrt{\frac{८२५}{२०}}$$

$$= ६.४२$$

(ई) **छात्र विद्यार्थी**

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|
| १. | शुशान ओली | ४७ |
| २. | राहुल रोका | ३१ |
| ३. | कमल राज न्यौपाने | ३६ |
| ४. | दिनेश अवस्थी | ४८ |
| ५. | अनिल घर्ती | ४२ |
| ६. | उमेश उपाध्याय | ४० |
| ७. | विजेन श्रेष्ठ | ३८ |
| ८. | गजेन्द्र रोकाय | ३५ |
| ९. | सञ्जय सिंह | ४१ |
| १०. | मदनराज जोशी | ४३ |
| ११. | कुशल बस्नेत | ४० |
| १२. | पुष्पन मगर | ३८ |
| १३. | निश्चल रोका | ४२ |
| १४. | कर्साङ शेर्पा | ४२ |
| १५. | सुदर्शन खड्का | ४५ |
| १६. | विनोद के.सी. | ३७ |

| | | |
|---|---|---|
| १७. | सचिन पुरी | ४६ |
| १८. | गणेश रोका | २३ |
| १९. | सन्देश डङ्गोल | ३४ |
| २०. | शिशिर महर्जन | ४२ |

जम्मा प्राप्ताङ्क = ८२७

$$\overline{X} = \frac{\Sigma x}{N} = \frac{८२७}{२०}$$

$$= ४१.३५$$

$$\sigma = \sqrt{\frac{\Sigma x^2}{N}}$$

$$= \sqrt{\frac{७०४}{२०}}$$

$$= ५.९३$$

(उ) **छात्रा विद्यार्थी**

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|
| १. | भीमा थापा मगर | ४५ |
| २. | अनुष्का बजगाइँ | ४३ |
| ३. | अस्मिता न्यौपाने | ४२ |
| ४. | प्रतीक्षा रेउले | ४२ |
| ५. | ललिता उपाध्याय | ३० |
| ६. | सृजना महर्जन | ३१ |
| ७. | श्रेया महर्जन | ३३ |
| ८. | राधा शाह | ३७ |
| ९. | रक्षा पोखरेल | ३८ |
| १०. | शृषा तिमिल्सिना | ४२ |
| ११. | युनिषा तामाङ | ३३ |
| १२. | सञ्जु माझी | ४६ |
| १३. | पेमाडोमा शेर्पा | ३८ |
| १४. | पेमा शेर्पा | ४७ |
| १५. | रीजा खड्गी | ४५ |
| १६. | सलीना महर्जन | ४८ |

| | | |
|---|---|---|
| १७. | सुजता पूरी | ४७ |
| १८. | सर्मीला श्रेष्ठ | ३१ |
| १९. | शीला शाह | ४७ |
| २०. | विना के.सी. | ४२ |

जम्मा प्राप्ताङ्क = ८०७

$\overline{X} = \frac{\Sigma x}{N} = \frac{८०७}{२०}$

$= ४०.३५$

$\sigma = \sqrt{\frac{\Sigma x^2}{N}}$

$= \sqrt{\frac{७११}{२०}}$

$= ५.९१$

# व्यक्तिवृत्त

| | | |
|---|---|---|
| नाम | : | पुष्पा शाह |
| जन्ममिति | : | २०४९/०७/२१ |
| ठेगाना | : | रुकुम |
| बुवाको नाम | : | सचेत कुमार शाह |
| आमाको नाम | : | कल्पना शाह |
| नागरिक | : | नेपाली |
| लिङ्ग | : | महिला |
| तह | : | स्नातकोत्तर तह (एम.एड.) |
| सम्पर्क नं. | : | ९८६५५४२९७१ |

**शैक्षिक योग्यता**

| तह | शिक्षण संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी.) | श्री रुक्मिणी उ.मा.वि., रुकुमकोट, रुकुम | २०६३ | द्वितीय |
| प्रवीणता प्रमाणपत्र तह (१०+२) | श्री रुक्मिणी उ.मा.वि., रुकुमकोट, रुकुम | २०६६ | द्वितीय |
| स्नातक तह (बी.एड.) | श्री शिक्षा सिस्ने क्याम्पस, रुकुम | २०७२ | द्वितीय |
| स्नातकोत्तर तह (एम.एड.) | विश्वविद्यालय क्याम्पस, त्रि.वि., कीर्तिपुर | २०७६ | |